जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ८४ • २०८३ साल साउन २७ गते बुधबार (12 August, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नदीमा नुहाउने क्रममा तीन बालबालिका बेपत्ता

**टुडे समाचारदाता**

रौतहट । रौतहटको देवाही गोनाही नगरपालिका-२ मा पर्ने लक्ष्मिनिया टोलस्थित लाल बकैया नदीमा नुहाउने तथा पौडी खेल्ने क्रममा तीन बालबालिका डुबेर बेपत्ता भएका छन् ।

मंगलबार दिउँसो उक्त नदीमा नुहाउने क्रममा उनीहरू पानीमा डुबेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । बेपत्ता हुनेमा देवाही गोनाही नगरपालिका-२ लक्ष्मिनियाका शेख कमरे आलमका करिब १० वर्षीय छोरा मो. रमतुल्लाह, शेख खुर्सैदकी अन्दाजी १० वर्षीया छोरी रौशन खातुन र शेख ओसी अख्तरकी करिब १० वर्षीया छोरी सवनम खातुन रहेका छन् ।

घटनाको जानकारी पाएलगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली घटनास्थलमा पुगेर खोजी तथा उद्धार कार्य सुरु गरेको छ । इलाका प्रहरी कार्यालय देवाही गोनाहीबाट प्रहरी निरीक्षक तेजप्रसाद भट्टराईको कमाण्डमा नौ जना प्रहरी घटनास्थल पुगेका थिए ।

त्यसैगरी, सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस देवाहीबाट सशस्त्र प्रहरी सहायक निरीक्षक भक्तबहादुर शाहीको नेतृत्वमा सात जनाको टोलीसमेत खोजी तथा उद्धारका लागि परिचालन गरिएको छ ।



बेपत्ता बालबालिकाको खोजीलाई थप प्रभावकारी बनाउन सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटबाट सशस्त्र प्रहरी सहायक निरीक्षक भीमबहादुर पुनको कमाण्डमा नौ सदस्यीय डुबान उद्धार टोली रबर बोटसहित घटनास्थलमा पुगेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) बसन्त गौतमका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले लाल बकैया नदीमा बेपत्ता तीनै बालबालिकाको खोजीलाई तीव्रता दिएको छ ।

नदीमा पानीको बहाव, गहिराइ तथा भौगोलिक अवस्थाका कारण खोजी कार्यमा चुनौती देखिएको भए पनि सुरक्षाकर्मीले उपलब्ध स्रोत-साधनको प्रयोग गर्दै सम्भावित स्थानमा खोजी गरिरहेका छन् ।

प्रहरीका अनुसार घटनास्थल इलाका प्रहरी कार्यालय देवाही गोनाहीबाट करिब ६ किलोमिटर दक्षिणतर्फ पर्छ । घटनापछि स्थानीय बासिन्दासमेत नदी आसपास भेला भएका छन् ।

एकैपटक तीन बालबालिका नदीमा डुबेर बेपत्ता भएपछि लक्ष्मिनिया टोलमा चिन्ता र त्रास फैलिएको छ । परिवारजन आफन्त तथा स्थानीयवासी बेपत्ता बालबालिका सकुशल भेटिने आशामा घटनास्थलमा छन् ।

सुरक्षाकर्मीले नदीको बहाव तथा सम्भावित जोखिमलाई ध्यानमा राख्दै खोजी कार्य जारी राखेका छन् । बेपत्ता बालबालिकाको अवस्था र खोजीको प्रगतिबारे थप विवरण आउन बाँकी रहेको रौतहट प्रहरीले जनाएको छ ।

### फेरि सर्वोच्चमा कांग्रेस आधिकारिकता विवाद

## महाधिवेशन रोक्न गगनलाई शशांकको पत्र, अदालतको अवहेलनामा जाने चेतावनी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता तथा राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले सभापति गगनकुमार थापालाई पत्र पठाउँदै पार्टीको १५ औँ महाधिवेशनलगायतका सम्पूर्ण सांगठनिक गतिविधि तत्काल रोक्न आग्रह गरेका छन् । कांग्रेसको आधिकारिकतासम्बन्धी मुद्दा सर्वोच्च अदालतमा पुनः विचाराधीन रहेको भन्दै उनले अदालतबाट अन्तिम फैसला नआएसम्म पार्टीका महत्वपूर्ण निर्णय नगर्न चेतावनी दिएका छन् ।

मंगलबार कांग्रेस केन्द्रीय कार्यसमितिमा बोल्दै पठाइएको तीनबुँदे पत्रमा कोइरालाले सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको अन्तिम परिणामलाई प्रभावित पार्ने कुनै पनि गतिविधि नगर्न आग्रह गरेका छन् । उनले १५औँमहाधिवेशनवाविशेषमहाधिवेशनसँग सम्बन्धित सांगठनिक, प्राविधिक तथा नीतिगत कार्यतालिका तत्काल स्थगित गर्नुपर्ने बताएका छन् ।

त्यसैगरी, अदालतको अन्तिम फैसला नआएसम्म पार्टीको तर्फबाट दीर्घकालीन प्रभाव पार्ने नीतिगत, राजनीतिक, सांगठनिक तथा आर्थिक निर्णयसमेत यथास्थितिमा राख्न उनले माग गरेका छन् । पार्टीका सम्पूर्ण सांगठनिक संरचनालाई साविककै अवस्थामा राखेर अदालतको गरिमा र कानुनी प्रक्रियालाई



सम्मान गर्नुपर्ने उनको भनाइ छ ।

नेता डा. कोइरालाले पत्रमा महाधिवेशनलगायतका गतिविधि अघि बढाउँदा अदालतको अवहेलना वा अन्य कानुनी प्रतिकूलता उत्पन्न भए त्यसको जिम्मेवारी सम्बन्धित पक्षले नै लिनुपर्ने चेतावनीसमेत दिएका छन् । अदालतमा विचाराधीन मुद्दाको अन्तिम परिणाममा असर पर्ने गरी कुनै कदम नचाल्न उनले 'कानुनी ध्यानाकर्षण' गराएका छन् ।

कांग्रेसभित्रको पछिल्लो विवादको जड भने गत वर्षको विशेष महाधिवेशनसंग जोडिएको छ । १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिको कार्यकाल, नियमित महाधिवेशनको समय र नेतृत्व परिवर्तनको विषयमा विवाद चर्किएपछि पुसको अन्तिम साता विशेष महाधिवेशन आयोजना भएको थियो । उक्त विशेष महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित भएका थिए । त्यसपछि निर्वाचन आयोगले थापा नेतृत्वको समितिलाई आधिकारिकता दिएपछि तत्कालीन सभापति शेरबहादुर देउवा पक्ष सर्वोच्च अदालत पुगेको थियो ।

गत वैशाख ४ गते सर्वोच्च अदालतले निर्वाचन आयोगको निर्णय सदर गर्दै थापा नेतृत्वको कांग्रेसलाई आधिकारिकता दिएको थियो । त्यससँगै करिब तीन महिनादेखि चल्दै आएको आधिकारिकता विवाद तत्कालका लागि टुंगिएको देखिएको थियो ।

तर, देउवा पक्षले उक्त फैसलामा पुनरावलोकन माग गर्दै साउन ७ गते सर्वोच्चमा निवेदन दर्ता गरेपछि विवाद फेरि अदालत पुगेको छ । पुनरावलोकनको निवेदनमाथि तीन न्यायाधीशको इजलासले निस्सा दिएमा मुद्दा पूर्ण इजलासमा जाने र नदिएमा यसअघिको फैसला अन्तिम हुने कानुनी व्यवस्था छ ।

यही पुनरावलोकन प्रक्रियालाई आधार बनाउँदै डा. कोइरालाले महाधिवेशनका गतिविधि अघि बढाउनु उचित नहुने बताएका छन् । पत्र सभापति थापासहित कांग्रेसका प्रदेश, जिल्ला, क्षेत्र, स्थानीय तह, वडा, जनसम्पर्क समिति तथा निर्वाचन आयोगलाई समेत बोद्धार्थ पठाइएको छ । उल्लेखनीय रूपमा, कोइरालाले पत्रमा थापालाई 'सभापति' नभई 'तत्कालीन महामन्त्री' भनेर सम्बोधन गरेका छन् ।

यसैबीच सभापति थापा नेतृत्वको कांग्रेसले भने १५औँ महाधिवेशनको तयारी अघि बढाउँदै आएको छ । सभापति थापाले यसअघि स्थानीय तथा प्रदेश निर्वाचनअघि नै महाधिवेशन सम्पन्न गर्ने प्रतिबद्धता सार्वजनिक गरिसकेका छन् ।

अब पुनरावलोकन निवेदनमाथि सर्वोच्च अदालतको प्रक्रियाले कांग्रेसको सांगठनिक गतिविधि र आगामी महाधिवेशनको भविष्य निर्धारण गर्ने सम्भावना देखिन्छ । एकातिर नेतृत्वले महाधिवेशनको तयारी अघि बढाइरहेको छ भने अर्कोतिर अदालतमा आधिकारिकतासम्बन्धी विवाद पुनः प्रवेश गरेपछि कांग्रेसभित्र कानुनी तथा राजनीतिक दुवै अन्योल थपिएको छ ।

## साहित्यका अग्रणी स्रष्टा डा. राजेन्द्र विमल रहेनन्

**टुडे समाचारदाता**

जनकपुरधाम, २६ साउन । साहित्यका अग्रणी स्रष्टा, भाषाविद् तथा शिक्षाविद् डा. राजेन्द्रप्रसाद विमलको मंगलबार जनकपुरधामस्थित स्वर्गद्वारीमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ ।

डा. विमलको पार्थिव शरीरमा उनको जेठा सुपुत्र डा. आभाषलाभ कर्णले दागबत्ती दिएका थिए । अन्त्येष्टिका क्रममा नेपाल प्रहरीको टोलीले स्वर्गीय वरिष्ठ साहित्यकार डा. विमललाई सलामी अर्पण गरेको थियो ।

वरिष्ठ साहित्यकार डा. विमलप्रति संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गणेश), मधेश प्रदेशका प्रमुख सुरेन्द्रलाभ कर्ण, मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव, प्रतिनिधिसभा सदस्य मनिष झा, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललगायतले श्रद्धाञ्जली अर्पण गरेका थिए । अन्तिम श्रद्धाञ्जलीका लागि उनको पार्थिव शरीर जनकपुरधाम- १० देवीचोकस्थित निवासमा राखिएको थियो ।

लामो समयदेखि मधुमेह र उच्च रक्तचापबाट पीडित डा. विमलको सोमबार राति १२:४५ बजेतिर जनकपुरधामस्थित प्रादेशिक अस्पताल जनकपुरमा निधन भएको परिवारजनले जनाएको छ । उनको निधनसंगै नेपाली तथा मैथिली साहित्य, भाषा आन्दोलन र मिथिलाको सांस्कृतिक क्षेत्रमा अपूरणीय क्षति भएको साहित्यकारहरूले बताएका छन् ।

साहित्यकार रोशन जनकपुरीले वरिष्ठ साहित्यकार डा. विमलको निधनले नेपाली-मैथिली साहित्यमा अतुलनीय क्षति पुगेको बताए । मैथिली- नेपाली साहित्यमा



औँलामा गणनामा गनिने मध्येका साहित्यकार रहेकाले डा. विमलको निधनले एउटा युगको अवसान भएको टिप्पणी साहित्यकार जनकपुरीले गरे । डा. विमल सक्षम साहित्यकार रहेको समेत उनले बताए ।

सन् १९४७ जुलाई २६ मा धनुषाको देवडिहा गाउँस्थित खिरखिरियामा जन्मनुभएका डा. विमलले नेपाली, मैथिली र हिन्दी विषयमा स्नातकोत्तर तथा भाषाविज्ञानमा विद्यावारिधि गरे । जनकपुरधामस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पससहित विभिन्न शिक्षण संस्थामा करिब चार दशक नेपाली विषय अध्यापन गर्नुभएका उनी अवकाशपछि पनि साहित्यिक तथा बौद्धिक गतिविधिमा सक्रियता रही नै रह्यो ।

वरिष्ठ साहित्यकार डा. विमलको पहिलो कथा 'विपतिया' १५ मार्च १९६३ मा 'मिथिला मिहिर'मा प्रकाशित भएको थियो । त्यसयता उनी कथा, कविता, गीत, गजल, नाटक, उपन्यास, समालोचना, बालसाहित्य, अनुवाद तथा भाषाविज्ञानका क्षेत्रमा निरन्तर सक्रिय रहे ।

डा. विमलद्वारा रचित 'ई हमरे कथा थिक', 'इतिहासक घाओ', 'डा. विमलका कथाहरू', 'सरबरिआ गाउँको कथा' र 'फिस्टी रानी' लगायत कृति प्रकाशित छन् । उनको रचना 'गोरखापत्र', 'मधुपर्क' र 'गरिमा'लगायतका पत्रपत्रिकामा प्रकाशित हुँदै आएका थिए। उहाँको कथामा आधारित 'हंसा चलल परदेश' नामक मैथिली टेलिफिल्मसमेत नेपाल टेलिभिजनबाट प्रसारण भएको थियो ।

मैथिली विकास कोष, जनकपुरधामका संस्थापक अध्यक्षसमेत रहेका डा. विमलले मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण योगदान छ । उनी नेपाल विद्यापति भाषा, साहित्य पुरस्कारका पहिलो प्राप्तकर्तासहित गरिमा सम्मान, जगदम्बा सम्मान, राष्ट्रिय प्रतिभा पुरस्कार, सिद्धिश्री पुरस्कारलगायत विभिन्न सम्मानबाट विभूषित हुनुभएको थियो ।

मैथिली विकास कोष जनकपुरधामका अध्यक्ष जीवनाथ चौधरीले वरिष्ठ साहित्यकार डा. विमलको निधनले मैथिली- नेपाली साहित्य क्षेत्रमा मात्र नभइ मुलुकको साहित्य क्षेत्रमा अपुरणीय क्षति भएको बताए ।

साहित्यकारसमेत रहेका पत्रकार नित्यानन्द मण्डलले जनाए अनुसार वरिष्ठ साहित्यकार डा. विमलको लेखनमा राष्ट्रप्रेम, मैथिल अस्मिता, मातृभाषाप्रतिको निष्ठा, लोकजीवनको पीडा, प्रेम, वियोग, आक्रोश र विद्रोह सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । नेपालभित्रको मिथिला र मिथिलावासीको सामाजिक यथार्थलाई मौलिक शैलीमा प्रस्तुत गर्नु उहाँको लेखनको प्रमुख विशेषता थियो ।

वरिष्ठ साहित्यकार डा. विमलको निधनप्रति जनकपुरधाम उपमहानगरपालिकाले उनको सम्मानमा जनकपुरधाममा नगर परिक्रमा गर्दै नागरिक अभिनन्दन कार्यक्रम गरेको थियो ।

### आज शोक बिदा

वरिष्ठ साहित्यकार, भाषाविद् तथा शिक्षाविद् प्राध्यापक डा. राजेन्द्र प्रसाद विमलको निधनप्रति शोक व्यक्त गर्दै जनकपुरधाम उपमहानगरपालिकाले बुधबार एक दिन नगर क्षेत्रभित्रका सम्पूर्ण शैक्षिक संस्थालगायतका कार्यालयहरुसमेत बन्द गर्ने निर्णय गरेको छ ।


जनकपुरधाम उपमहानगरपालिकाले मंगलबार सूचना जारी गर्दै २०८३ साउन २७ गते बुधबार नगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयमा शोक मनाउँदै पठनपाठन बन्द गर्न अनुरोध गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहद्वारा जारी सूचनामा डा. विमलले शिक्षा, संस्कृति, पूर्वीय दर्शन तथा मैथिली र नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको उल्लेख गरिएको छ ।

सूचनामा डा. विमलको निधनले समग्र जनकपुरधामवासी मर्माहत भएको तथा उनको महाप्रस्थानले जनकपुरधामको साहित्यिक क्षेत्रमा अपूरणीय क्षति पुगेको उल्लेख गरिएको छ ।

उनलाई साहित्य क्षेत्रको अभिभावकका रूपमा स्मरण गर्दै उपमहानगरपालिकाले श्रद्धाञ्जली व्यक्त गरेको छ ।

डा. विमलको मंगलबार बिहान ७९ वर्षको उमेरमा निधन भएको छ । उनको निधनले मैथिली तथा नेपाली साहित्यको क्षेत्रमा गहिरो शोक छाएको छ । उपमहानगरपालिकाले शोकको यस घडीमा डा. विमलको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गरेको छ ।



# स्रोत नखुलेको रकम चार जना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज। पर्सा प्रहरीले वीरगन्ज महानगरपालिका-१० आदर्शनगरबाट स्रोत नखुलेको ५३ लाख ५० हजार रुपैयाँ नगदसहित चार जनालाई पक्राउ गरेको छ।

ठूलो परिमाणमा नेपाली नगद बरामद भएपछि प्रहरीले रकमको स्रोत र सम्भावित आर्थिक कारोबारका सम्बन्धमा थप अनुसन्धान अघि बढाएको छ। प्रारम्भिक घटनाले सीमावर्ती क्षेत्रमा हुने हुन्डी, अनौपचारिक रकम स्थानान्तरण तथा क्रिप्टोकरेन्सीसँग जोडिएका सम्भावित वित्तीय कारोबारतर्फ समेत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

यद्यपि पक्राउ परेका व्यक्तिहरू क्रिप्टोकरेन्सी वा हुन्डी कारोबारमा संलग्न रहेको प्रहरीले अहिलेसम्म पुष्टि गरेको छैन। गोप्य सूचनाका आधारमा परिचालित प्रहरी टोलीले सोमबार साँझ करिब ६:३० बजे आदर्शनगरमा प्रदेश २-०३-००३ प ७२१५ नम्बरको कालो सुपर स्प्लेन्डर र ना.५७ प ५१८२ नम्बरको निलो एफजेड मोटरसाइकल रोकी खानतलासी गरेको थियो। उक्त मोटरसाइकलमा सवार चार जनाको साथबाट ठूलो परिमाणमा नगद फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको हो।

पक्राउ पर्नेमा भारत बिहारको सीतामढी जिल्ला डुमरा थाना-६ का २६ वर्षीय सुरज कर्ण, बाराको प्रसौनी गाउँपालिका-१ का ३२ वर्षीय उपेन्द्र साह, सोही स्थानका २६ वर्षीय सागरकुमार सर्राफ र पर्साको विन्दवासिनी गाउँपालिका-१ भौवागुठीका २५ वर्षीय राहुल कुमार गुप्ता छन्।

प्रहरीका अनुसार सुरज कर्णको साथबाट १ लाख, उपेन्द्र साहबाट १८ लाख १६ हजार, सागरकुमार सर्राफबाट १८ लाख ३४ हजार र राहुल कुमार गुप्ताबाट १६ लाख रुपैयाँ बरामद भएको छ।

बरामद रकममा एक हजार दरका ४ हजार ५ थान नोटबाट ४० लाख ५ हजार, पाँच सय दरका २ हजार ३ सय ५३ थान नोटबाट ११ लाख ७६ हजार ५ सय, एक सय दरका ६ सय ४३ थान नोटबाट ६४ हजार ३ सय तथा ५० दरका ८४ थान नोटबाट ४ हजार २ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ।

सीमावर्ती वीरगन्जमा ठूलो परिमाणको स्रोत नखुलेको नगद बरामद हुनु आर्थिक अपराध अनुसन्धानका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ। विशेषगरी हुन्डी कारोबारमा बैंकिङ प्रणाली बाहिर रकम संकलन तथा भुक्तानी हुने भएकाले ठूलो नगद रकमको आवतजावतलाई अनुसन्धानको महत्वपूर्ण पाटो मानिन्छ।

पछिल्लो समय डिजिटल सम्पत्तिसँग सम्बन्धित कारोबारमा पनि नगद संकलन गरी डिजिटल माध्यमबाट रकम स्थानान्तरण गर्ने सम्भावना रहने भएकाले अनुसन्धानकर्ताले आवश्यक परे डिजिटल कारोबार, मोबाइल तथा बैंकिङ विवरणसमेत परीक्षण गर्न सक्नेछन्।

तर हालसम्म प्रहरीले बरामद रकम हुन्डी वा क्रिप्टोकरेन्सी कारोबारबाट आएको हो भन्ने कुनै निष्कर्ष सार्वजनिक गरेको छैन। त्यसैले रकमको वास्तविक स्रोत, प्रयोजन र पक्राउ परेका व्यक्तिहरूबीचको आर्थिक सम्बन्ध अनुसन्धान भइरहेको जनाइएको छ।

प्रहरीले बरामद नगद तथा दुवै मोटरसाइकलसहित चारै जनालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ। अनुसन्धानका क्रममा रकमको स्रोत पुष्टि भएमा घटनाले सीमावर्ती क्षेत्रमा हुने अवैध वित्तीय कारोबारको थप सञ्जालसमेत उजागर गर्न सक्ने देखिएको छ।

# फेरी भारतमा पक्राउ परे मल किन्न गएका किसान

**सञ्जय मिश्रा**

रौतहट। कागजमा रासायनिक मल पर्याप्त रहेको दाबी गरिएपनि मधेशमा चरम आभाव रहेको भन्ने कुरा पटक पटक सीमावर्ती भारतमा मल किन्न गएका नेपाली पक्राउ पर्नुले देखिन्छ।

यो घटनाले सो क्षेत्रका किसानमा त्रास उत्पन्न भएको छ। मधेशमा रासायनिक मलको अभाव चर्किँदै जाँदा सीमावर्ती नेपाली किसान भारतबाट मल ल्याउन बाध्य छ तर, भारतबाट मल ल्याउने क्रममा किसान पक्राउ पर्ने घटना घटना बढदै गएको हो।

सर्लाहीका दुई किसान तीन बोरा रासायनिक मल ल्याएको आरोपमा भारतमा पक्राउ परी ३८ दिन जेल बसेर रिहा भएको घटना सेलाउन नपाउँदै सोमवार फेरी बाराका एक नेपाली नागरिकलाई युरिया मलसहित भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएको छ। उनीसहित अन्य दुई नागरिक समेत पक्राउ परेको हो।

भारतको बिहार स्थित मोतीहारी जिल्लाको आदापुर थाना क्षेत्रमा नेपालतर्फ युरिया मल ल्याउँदै गरेको आरोपमा बाराको फेटा गाउँपालिका-जोधपुर गम्हरियाका सीताराम साहका छोरा किशोरी साह पक्राउ परेको हो। उनीसँगै भारतको पूर्वी चम्पारण जिल्लाको आदापुर थाना क्षेत्र लालाछपरा निवासी ब्रह्मा साह रहेका छन्। प्रहरीले उनलाई नेपाली नागरिक रहेको आशंका पक्राउ गरेको हो।



भारतीय पक्षका अनुसार नेपालतर्फ युरिया मल लैजान लागेको सूचना पाएपछि आदापुरका कृषि पदाधिकारी र स्थानीय प्रहरीको संयुक्त टोलीले औरैया गाउँ स्थित चमरहिया पोखरीनजिक निगरानी बढाएको थियो। सोही क्रममा साइकलमा युरिया मलका बोरा राखेर नेपालतर्फ जाँदै गरेका दुई जनालाई नियन्त्रणमा लिइएको बुझिएको छ।

भारतीय पक्षले उनीहरूको साथबाट चार बोरा युरिया मल र दुईवटा साइकल बरामद भएको जनाए। पक्राउ परेका दुवै जनामाथि आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ। यसअघि सर्लाहीको बलरा नगरपालिका-४ का ६० वर्षीय नागेन्द्रप्रसाद सिंह र ४२ वर्षीय सुरेशप्रसाद सिंह पनि मल ल्याउने क्रममा भारतमा पक्राउ परेका थिए। नेपालको स्थानीय बजारमा रासायनिक मल नपाएपछि उनीहरू सीमावर्ती भारतीय बजार सोनवर्षा पुगेका थिए। तीन बोरा युरिया र ६ बोरा डीएपी साइकलमा राखेर नेपाल फर्किने क्रममा भारतीय सशस्त्र सीमा बल (एसएसबी) र कृषि विभागको संयुक्त टोलीले उनीहरूलाई असार १७ गते पक्राउ गरेर डुमरा जेल पठाएको थियो।

> सर्लाहीका दुई किसान तीन बोरा रासायनिक मल ल्याएको आरोपमा भारतमा पक्राउ परी ३८ दिन जेल बसेर रिहा भएको घटना सेलाउन नपाउँदै सोमवार फेरी बाराका एक नेपाली नागरिकलाई युरिया मलसहित भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएको छ।

मल खरिद गेरेर नेपाल फर्किँदै गर्दा पक्राउ परेका उनीहरू ३८ दिन भारतीय कारागारमा बसेपछि दुई दिनअघि मात्रै रिहा भएका थिए। उक्त घटना सेलाउन नपाउँदै फेरी बाराका नेपाली किसान भारतमा पक्राउ परेको घटनाबाट किसानलाई राज्यबाट प्रदान गरिने सुविधाहरु कागज एवं भाषणमै सिमित रहदा किसानहरु अनाहकमा प्रताडित हुँदै आएको छ।

नेपालमै पर्याप्त मल उपलब्ध हुन नसक्दा सीमावर्ती किसान भारतीय बजारमा निर्भर हुनुपर्ने बाध्यता रहेको स्थानीय किसानहरूको गुनासो छ। यही बाध्यताका कारण भारतबाट मल ल्याउँदा पक्राउ पर्नुपर्ने अवस्था सिर्जना भएको उनीहरूको दुखेसो छ।

कटहरिया नगरपालिका-४ का वडा अध्यक्ष तथा युवा नेता चन्दन कुशवाहाले मलको अभावमा बाध्य भएर भारतीय बजारबाट मल ल्याउने किसानहरु पक्राउ पर्नु दुःखद भएको बताए। उनका अनुसार किसानलाई आवश्यक मलखाद सहज रूपमा उपलब्ध गराउनु सरकारको दायित्व हो।

जिल्ला प्रहरी कार्यालय वाराका प्रवक्ता डीएसपी मिनबहादुर घलेले नेपाली नागरिक किशोरी साह भारतमा पक्राउ परेको घटनाबारे आफूलाई जानकारी नभएको बताए। एकातिर नेपालमा मलको अभाव र अर्कोतिर भारतबाट मल ल्याउँदा पक्राउ पर्ने अवस्था सिर्जना भएपछि सीमावर्ती किसान थप समस्यामा परेका छन्।

## न्यूरो हस्पीटल र सशस्त्र प्रहरीबीच सम्झौता

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामस्थित न्यूरो हस्पिटल र सशस्त्र प्रहरी बल ८ नं. गण धनुषाबीच उपचार राहत कार्यक्रममा सम्झौता भएको छ।

एक कार्यक्रमबीच जनकपुर न्यूरो हस्पिटलमा सशस्त्र प्रहरी बल धनुषा ८ नं. गणका प्रमुख (एसपी) भिम बहादुर बिष्ट र जनकपुर न्यूरो हस्पिटलका प्रबन्धक अजय कुमार राउतले उक्त सम्झौता हस्ताक्षर गरेका हुन्।

सम्झौता अनुसार, सशस्त्र प्रहरीबलका पदाधिकारी, जवान, कर्मचारीलाई न्यूरो हस्पिटलमा विशेष राहत सेवा उपलब्ध गराइने छ। सशस्त्र प्रहरीका जवान कर्मचारीहरुलाई उपचारमा सहुलियत दिने सम्झौता भएको हो। हस्पिटलमा लाग्ने खर्चमा सहुलित र राहत प्रदान गर्ने सहमति भएको प्रबन्धक अजय कुमार राउतले जानकारी दिएका छन्।

# अग्रगामी मोर्चालाई आगामी निर्वाचनसम्म लैजाने निर्णय

**टुडे समाचारदाता**

काठमाण्डू। प्रगतिशील तथा परिवर्तनकारी राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्ने उद्देश्यका साथ गठित 'अग्रगामी मोर्चा'को पहिलो बैठक सम्पन्न भएको छ। काठमाडौँमा बसेको मोर्चाको बैठकले संयुक्त आमसभा सहितका विभिन्न जनलक्षित कार्यक्रमहरू गर्ने महत्वपूर्ण निर्णय गरेको हो।

बैठकका निर्णय र मोर्चाको आगामी योजनाबारे जानकारी दिँदै जनमत पार्टीका महासचिव चन्दन सिंहले मोर्चालाई आगामी निर्वाचनसम्म नै मजबुत बनाएर लैजाने बताए।

बैठकमा सहभागी सिंहले भने, 'हामीले विगतका सबै आन्दोलनहरूको समीक्षा गरेका छौँ र अब चुनावसम्म नै यो मोर्चालाई मजबुत बनाएर लैजाने सहमति भएको छ। हामी हाम्रा कार्यक्रमहरूलाई तल्लो तहसम्म पुर्‍याउनेछौँ र विभिन्न स्थानमा संयुक्त आमसभाहरू समेत आयोजना गर्नेछौँ।'



यस मोर्चामा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र खुम्बुवान राष्ट्रिय मोर्चा गरी आठवटा राजनीतिक शक्तिहरू आबद्ध छन्। यी दलहरूले गत साता मात्रै मोर्चा गठनको घोषणा गरेका थिए।

मोर्चाले आफ्नो अवधारणा पत्रमार्फत लोकतान्त्रिक, प्रगतिशील, सामाजिक लोकतान्त्रिक, क्रान्तिकारी, श्रमिक, समाजवादी तथा समावेशी शक्तिहरूलाई एकताबद्ध गर्ने प्रतिबद्धता जनाएको छ। साथै, नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको संरक्षणलाई मोर्चाले आफ्नो मुख्य प्राथमिकतामा राखेको छ।

राजनीतिक सत्ताको अत्यधिक केन्द्रीकरण, सर्वसत्तावाद र अधिनायकवादी प्रवृत्तिको अन्त्य गर्दै मुलुकमा स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, सामाजिक न्याय र मानव अधिकार सुनिश्चित गर्ने मोर्चाको मुख्य लक्ष्य रहेको छ।

# गजेन्द्र नारायण सिंह अस्पताललाई तीन सय शैया बनाउन माग

**टुडे समाचारदाता**

राजविराज। गजेन्द्र नारायण सिंह अस्पताललाई तीन सय शैयाको अस्पतालका रूपमा यथाशीघ्र स्थापना गरी सञ्चालन गर्न माग गरिएको छ।

राष्ट्रिय मुक्ति पार्टी सप्तरीले मंगलबार आवश्यक जनशक्ति पूर्वाधार तथा उपकरणसहित गजेन्द्र नारायण सिंह अस्पताललाई तीन सय शैयाको स्थापना गरी सञ्चालन गर्न स्वास्थ्य मन्त्रीलाई ज्ञापनपत्र पठाउँदै उक्त माग गरेको हो।

ज्ञापनमा निर्माण सम्पन्न भएको अस्पताल भवन यथाशीघ्र हस्तान्तरण गरी सञ्चालनमा ल्याउनुपर्ने, हृदयरोगीका लागि छुट्टै हर्ट सेन्टरको व्यवस्था गर्नुपर्ने, अस्पतालमा आइसियु, भेन्टिलेटर, इन्डोसकोपी, ओपिजीएक्सरेको व्यवस्था हुनुपर्ने, अस्पताल परिसरमा रहेको नर्सिङ कलेज यथाशीघ्र सञ्चालनमा ल्याउनु पर्ने माग गरिएको छ।

यस्तै युरोलोजिस्ट लगायतका आवश्यक विशेषज्ञ चिकित्सकहरूको दरबन्दी तथा नियमित सेवा यथाशीघ्र व्यवस्था गर्नुपर्ने, चिकित्सकको सेवा आलो-पालो मात्र उपलब्ध गराउने व्यवस्था अन्त्य गरी नियमित रूपमा सबै चिकित्सकबाट सेवा उपलब्ध हुने व्यवस्था गर्नुपर्ने, अस्पतालका हरेक वार्डमा तातो तथा चिसो खानेपानीको उचित व्यवस्था गर्नुपर्ने, चिकित्सकहरूका लागि उचित आवासको व्यवस्था गर्नुपर्ने माग पनि गरिएको छ।



अस्पतालको फार्मेसीमा आवश्यक विमामा उपलब्ध औषधिहरु नियमित रूपमा पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्ने, नियमित तथा प्रभावकारी सरसफाइको व्यवस्था गर्नुपर्ने, अस्पतालमा प्रदान गरिने एचडीयू सहितका विभिन्न सेवाका लागि गरिएको मुल्य वृद्धिलाई घटाई पहिलेकै मुल्यको व्यवस्था गर्नुपर्ने माग समेत सो ज्ञापनमार्फत गरिएको जनाइएको छ।

नातागोताको आधारमा गरिएको अनावश्यक नियुक्तिहरु खारिज गरी प्रक्रियागत ढंगले योग्य व्यक्तिहरुको चयन गर्नुपर्ने, चिकित्सकहरुको हुने राउण्ड जाँचको निश्चित समय निर्धारण गरी सामूहिक रठण्ड गरिने व्यवस्था गर्नु पर्ने र अस्पतालमा रहेको पोष्टमार्टम भवनको आधुनिकीकरण सहित शवगृहको व्यवस्था गर्नुपर्ने ज्ञापनपत्रमा भनिएको छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट मार्फत स्वास्थ्य मन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा अस्पतालको सेवा सुधार, बिरामीको सहजता तथा आम नागरिकको स्वास्थ्य अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएकाले यथाशीघ्र सम्बोधन गरी कार्यान्वयन गर्न अनुरोध गरिएको छ। पार्टीका जिल्ला अध्यक्ष दिपेन्द्र चौधरीको नेतृत्वमा गएका नेता कार्यकर्ताले स्वास्थ्य मन्त्रीलाई ज्ञापन पठाएको हो।

# ग्यास कालोबजारी गर्नेलाई कारवाही गरिने चेतावनी

**टुडे समाचारदाता**

राजविराज। खाना पकाउने एलपी ग्यास लुकाएर कृत्रिम अभाव सिर्जना गर्ने तथा तोकिएको मूल्यभन्दा बढीमा बिक्रीवितरण गर्ने डिलर तथा व्यवसायीलाई जिल्ला प्रशासन कार्यालय सप्तरीले कारबाही गर्ने चेतावनी दिएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवले एक सूचना जारी जिल्लाका ग्यास डिलर तथा व्यवसायीले उद्योग वा डिलरबाट ग्यास ल्याई सहज रूपमा बिक्रीवितरण नगरी लुकाइछिपाइ राख्ने, तोकिएको मूल्यभन्दा बढी रकम लिएर होटल, व्यवसायी तथा उपभोक्तालाई बिक्री गर्ने गरेको गुनासो प्राप्त भएको जनाएको छ।

जारी उक्त सूचनामा नियमित ग्राहकको माग बेवास्ता गर्ने, पहुँच र चिनजानका आधारमा ग्यास बिक्री गर्ने, मूल्यसूची नराख्ने, बिक्री बिल नदिने तथा बिल-बिजक नराख्ने कार्यसमेत हुने गरेको पाइएमा ग्यास भण्डारण गरी लुकाएर कृत्रिम अभाव सिर्जना गर्ने तथा दर्ता वा अनुमति नभएका विक्रेतालाई डिलरले ग्यास उपलब्ध गराउनेजस्ता कार्य गर्नेलाई कारवाही गरिने भनिएको छ।





प्रचलित कानुनविपरीत भएकाले कानून उल्लङ्घन गरेको पाइएमा सम्बन्धित व्यक्ति, डिलर तथा विक्रेतामाथि कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

साथै, लुकाइछिपाइ राखिएको ग्यास सिलिन्डरसमेत जफत गरिने जिल्ला प्रशासन कार्यालयले स्पष्ट पारेको छ। खाना पकाउने ग्यास भण्डारण गरी कृतिम आभाव श्रृजना गरिएको भन्ने गुनासो आउन थालेपछि सप्तरी प्रशासनले यस्तो कदम चालेका हुन।

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज नयाँ कामको सुरुवात गर्ने राम्रो दिन हो।

**वृष :** परिश्रमको राम्रो फल प्राप्त हुने दिन हो।

**मिथुन :** आज बोलिचालीमा संयमता आवश्यक देखिन्छ।

**कर्कट :** भावनात्मक पक्ष बलियो रहने दिन हो।

**सिंह :** आज नेतृत्व क्षमताको प्रशंसा हुनेछ। काममा उत्साह र जोश बढ्नेछ।

**कन्या :** आज योजनाबद्ध काम सफल हुने दिन हो।

**तुला :** आज सम्बन्धमा सन्तुलन कायम रहनेछ।

**वृश्चिक :** आज गोप्य कुरा बाहिर नल्याउनु राम्रो हुन्छ।

**धनु :** आज नयाँ अवसर प्राप्त हुने सम्भावना छ।

**मकर :** आज जिम्मेवारी बढ्ने दिन हो। काममा अनुशासन आवश्यक देखिन्छ।

**कुम्भ:** आज नयाँ सोच र योजना जन्मिने दिन हो।

**मीन:** धार्मिक वा सामाजिक काममा मन लाग्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडे



# निशान छापको दुरूपयोग गर्ने एक जना पक्राउ



काठमाण्डु।प्रहरीले अनधिकृत तबरले नेपाल सरकारको निशान छापको दुरूपयोग गर्ने कार्यमा संलग्न रहेको अभियोगमा एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाण्डु महानगरपालिका-२२ बस्ने रौतहट चन्द्रपुर नगरपालिका-२ घर भएका २९ वर्षीय दीपेन्द्र कर्माचार्य रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार निजलाई काठमाण्डु महानगरपालिका-२२ टेवहालबाट पक्राउ गरेको हो।प्रारम्भिक अनुसन्धानको क्रममा निजले नेपाल सरकारको स्वीकृति नलिई आर्थिक लाभ लिने उद्देश्यले सर्वसाधारणलाई झुक्यानमा पारी नेपाल सरकारबाट मान्यता प्राप्त जिपिएस ट्र्याकर डिभाइस रहेको भनी झुठ्ठा प्रचारप्रसार गरी व्यावसायिक प्रयोजनको लागि चीनबाट आयात हुने जिपिएस ट्र्याकर डिभाइसमा नेपाल सरकारको निशान छाप राख्न लगाइ, निशान छापको दुरूपयोग गरी जिपिएस ट्र्याकर बिक्री वितरण गरेको खुल्न आएको प्रहरीले जनाएको छ। प्रहरीले निजको साथबाट नेपाल सरकारको निशान छाप अङ्कित ५२ थान जिपिएस ट्र्याकर डिभाइस बरामद गरेको छ। निजलाई थप आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो।

### जुवा खेलिरहेको अवस्थामा नगदसहित १६ जना नियन्त्रणमा

प्रहरीले मंगलबार बिहान जुवा (कौडा) खेलिरहेको अवस्थामा नगद रु १३ लाख बढी र कौडासहित १६ जनालाई नियन्त्रणमा लिएर आज सार्वजनिक गरेको छ।

काभ्रेपलान्चोक, खानी खोला गाउँपालिका-६ का ४२ वर्षीय रेशमबहादुर घ्यावा, सिन्धुपाल्चोक, सुनकोसी गाउँपालिका-३ का ३१ वर्षीय सुमन गिरी, दोलखा, सुरी गाउँपालिका-६ की ४५ वर्षीया हेमा गुरुङ, चितवन, कालिका नगरपालिका-९ की ४० वर्षीया शान्ता लामा, काभ्रेपलान्चोक, मण्डनदेउपुर नगरपालिका-१० का ४० वर्षीय नवराज नेपाल, सिन्धुपाल्चोक, सुनकोसी गाउँपालिका-४ का ३८ वर्षीय अमर तामाङ, नुवाकोट, ककनी गाउँपालिका-६ का ४० वर्षीय रमन लामा, नुवाकोट, ककनी गाउँपालिका-६ का ३७ वर्षीय नवीनकुमार लामा, सोही ठाउँका ३३ वर्षीय सन्तोष डङ्गोल, ३९ वर्षीय चित्रबहादुर लामा, ६२ वर्षीय मङ्गलबहादुर तामाङ, झापा, कनकाई नगरपालिका-५ का ४३ वर्षीय टीकाराम बराल, ललितपुर महानगरपालिका-१४ का ४८ वर्षीय उमेश चौधरी, नुवाकोट, शिवपुरी गाउँपालिका-६ का ३४ वर्षीय सुजन तामाङ, सिन्धुपाल्चोक, सुनकोसी गाउँपालिका-३ का ३५ वर्षीय सरोज गिरी तथा सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-९ का यसबहादुर तामाङलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी परिसर काठमाण्डुका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार आज अन्दाजी ६:१२ बजेको समयमा काठमाडौँ महानगरपालिका-२७ स्थित गाउँवेशी थकाली भान्साघरमा कौडा खेलिरहेको भन्ने सूचना आधारमा प्रहरी वृत्त दरवारमार्गबाट खटिएको प्रहरी टोली उक्त स्थानमा पुगी जाँच गर्दा हारजित हुने गरी जुवा (कौडा) खेलिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो।

उनीहरूको साथबाट प्रहरीले कौडा थान १६ र नगद रु १३ लाख १७ हजार १२५ फेला पारी नियन्त्रणमा लिइ प्रहरी वृत्त दरबारमार्गबाट थप अनुसन्धान भइरहेको प्रवक्ता थापाले बताउनुभयो। रासस

# सरकारी कागजातलाई ‘डिजिटाइज’ गरी सुरक्षित राखिनुपर्ने




काठमाण्डु। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकारी कागजातलाई ‘डिजिटाइज’ र ‘ डिजिटलाइजेसन’ गरी सुरक्षित गरिनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको आजको बैठकमा गतवर्ष भदौ २३ र २४ गते जलेका स्रेस्ताका कारण १७९ कार्यालयको महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षा गर्न नसकेको विषयको छलफलका क्रममा उहाँले पहिले सरकारी कागजातलाई ‘डिजिटाइज’ र ‘डिजिटलाइजेसन’ गरी सुरक्षित बनाएर राख्नुपर्नेमा जोड दिनुभयो। सरकारी लगानी भएका अभिलेख सुरक्षित रहेको २०७२ को भूकम्पका बेलाको अनुभव सुनाउँदै उहाँले त्यसतर्फ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

गतवर्ष भदौ २३ र २४ गतेको काबु बाहिरको परिस्थितिका बेला राजस्व र कोष तथा लेखा नियन्त्रण कार्यालयअन्तर्गतका प्रणाली भने सुरक्षित रहेको जानकारी पनि मन्त्री वाग्लेले गराउनुभयो। गतवर्ष काबु बाहिरको परिस्थितिका कारण सरकारी कार्यालय जल्दा करिब डेढ खर्बको सरकारी स्रेस्ता जलेका कारण महालेखापरीक्षकको कार्यालयले ती कार्यालयको लेखापरीक्षण गरेको थिएन। समितिको आजको बैठकमा त्यही विषयमा भएको छलफलमा मन्त्री वाग्लेले काबु बाहिरको परिस्थिति भएकाले त्यो दुर्घटनाको विषय भएकाले त्यही कानुनी व्यवस्थाअनुसार यसको निरूपण गरिनुपर्ने बताउनुभयो। समितिले स्थलगत अध्ययन गरेर ती कार्यालयले अनियमितता गरेको विषय बाहिर ल्याउन सक्ने उहाँले बताउनुभयो। समितिको मार्गनिर्देशनअनुसार सरकारले काम गर्ने मन्त्री वाग्लेको प्रतिबद्धता छ।

“यदि समितिलाई काबु बाहिरको परिस्थिति होइन भन्ने लाग्छ भने ऐन संशोधन गरौँ, समस्याको प्रकृतिका बारेमा सरकार र प्रतिपक्षका बीच कुनै फरक मत छैन”, उहाँले भन्नुभयो। रासस

## बेपत्ता पारिएका व्यक्तिको छानबिनलाई प्रभावकारी बनाइने




काठमाण्डु। बेपत्ता पारिएका व्यक्तिको छानबिनलाई प्रभावकारी बनाइने भएको छ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले बेपत्ता पारिएका व्यक्तिका उजुरी प्राप्त हुना साथ उजुरीको छानबिन तथा सत्य अन्वेषणलाई प्रभावकारी बनाउने भएको हो। आज काठमाडौँमा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा आयोगका सचिव ध्रुवकुमार चौहानले पीडित तथा पीडित परिवारको अधिकार र व्यक्तिको सरोकारलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्ने तथा आयोगबाट सम्पादन हुने कामलाई थप व्यवस्थित र परिणाममुखी बनाइने जानकारी दिनुभयो।

आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका काम, अनुसन्धान तथा छानबिनको अवस्था, उजुरीमाथि भएको कारबाही, पीडित तथा पीडित परिवारसँग गरिएको समन्वय, अभिलेख व्यवस्थापन लगायतको विषयमा जानकारी गराएको छ।

आयोग हाल पदाधिकारीविहीन अवस्थामा रहेको छ। रासस

# शहरी क्षेत्रमा यसै वर्षदेखि ५जी सेवा शुरु, २०३५ सम्ममा देशभर पुऱ्याइने




काठमाण्डु। नेपालको दूरसञ्चार क्षेत्रलाई उच्च गतिको मोबाइल ब्रोडब्यान्डमा रूपान्तरण गर्दै एक दशकभित्र देशभर ५जी सेवा विस्तार गर्ने लक्ष्यका साथ नेपाल दूरसञ्चार प्राधिकरणले ‘मोबाइल ब्रोडब्यान्ड सुधार योजना (नेपाल्स रोड टु ५जी)’ को मस्यौदा सार्वजनिक गरेको छ। नेपालमा ५जी सेवा शुरु र विस्तारका लागि अबको मार्गचित्रका रूपमा हेरिएको उक्त योजनाले शहरी क्षेत्रमा यसै वर्षदेखि र सन् २०३५ सम्म देशभर ५जी पहुँच पुर्याउने दीर्घकालीन लक्ष्य राखेको हो।

प्राधिकरणले नेपालको मोबाइल दूरसञ्चार सेवाको वर्तमान अवस्था, मोबाइल डेटा सेवाको बढ्दो माग, अन्तरराष्ट्रिय अभ्यास, सेवा प्रदायकबाट प्राप्त विवरण तथा विभिन्न सरोकारवालासँगको छलफलका आधारमा तयार गरेको उक्त मस्यौदा सार्वजनिक गर्दै सम्बन्धित पक्षबाट १५ दिनभित्र राय, सुझाव तथा सल्लाह उपलब्ध गराउन आग्रह गरेको छ। प्रस्तावित मार्गचित्रअनुसार सन् २०२७ सम्म देशभर मोबाइल ब्रोडब्यान्डको औसत गति कम्तीमा २० एमबीपीएस पुऱ्याउने, सन् २०३० सम्म नगर क्षेत्रमा १०० एमबीपीएसको गति उपलब्ध गराउने र सन् २०३५ सम्म देशभर ५जी सेवा विस्तार गर्ने लक्ष्य राखिएको छ।

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ लाई नेपालको दूरसञ्चार सेवामा उल्लेख्य सुधार देखिने गरी काम गरिरहेको छ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच विस्तार र गुणस्तर सुधारमा उल्लेखनीय परिवर्तन देखिने गरी काम गर्न मन्त्रालय तथा मातहतका निकायलाई निर्देशन दिइसक्नुभएको छ। सरकारको यो प्राथमिकतासँगै प्राधिकरणले पनि सेवा प्रदायकलाई ५जी सञ्चालनका लागि ठोस कार्ययोजना पेश गर्न निर्देशन दिइसकेको छ। यही साउन २२ गते प्राधिकरणले मोबाइल सेवा प्रदायकलाई प्रमुख शहरी क्षेत्रबाट ५जी सेवा सुरु गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना तयार गरी पेश गर्न निर्देशन दिएको हो। साथै देशभर ४जी सेवाको पहुँच तथा गुणस्तर सुधारलाई समेत प्राथमिकतामा राख्न भनिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक मिनप्रसाद अर्यालका अनुसार ५जी सञ्चालनका लागि आवश्यक फ्रिक्वेन्सी छुट्याउने तथा बाँडफाँट गर्ने काम शीघ्र अघि बढाउने तयारी भइरहेको छ। सरकार र नियामक निकाय ५जी सञ्चालनका लागि तयार रहेको अवस्थामा सेवा प्रदायकले पनि आवश्यक तयारी र तदारुकता देखाउनुपर्ने उहाँको भनाइ छ। ५जीका लागि छुट्टै प्रविधिमा आधारित संरचना प्रयोग गर्ने वा विद्यमान संरचनालाई स्तरोन्नति गरी नयाँ प्रविधि सञ्चालन गर्ने विषय सेवा प्रदायकको प्राविधिक तथा व्यावसायिक निर्णयसँग जोडिएको छ। तर नियमनका दृष्टिले आवश्यक फ्रिक्वेन्सी व्यवस्थापन गर्न प्राधिकरण तयार रहेको उहाँले राससससँग बताउनुभयो।

मोबाइल सेवाको विकाससँगै नेपाली दूरसञ्चार बजारमा डेटा खपत तीव्र गतिमा बढिरहेको छ। प्राधिकरणका अनुसार पछिल्ला वर्षमा नेपालमा मोबाइल डेटा ट्राफिक वार्षिक करिब ३० देखि ४० प्रतिशतले बढेको छ। आगामी दिनमा पनि डेटा माग तीव्र रूपमा बढ्ने प्रक्षेपण गरिएकाले थप स्पेक्ट्रम, स्मल सेल, उच्च क्षमताको ब्याकहल नेटवर्क तथा आधुनिक मोबाइल प्रविधि आवश्यक हुने देखिएको छ।

नेपालमा ५जी सेवाको व्यावहारिक सम्भाव्यता परीक्षण भने सन् २०२३ मै सुरु भएको थियो। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) लाई २६०० मेगाहर्ज ब्यान्डमा ६० मेगाहर्ज स्पेक्ट्रम उपलब्ध गराएर ५जी परीक्षण गरिएको थियो। काठमाडौँको बबरमहल र सुन्धारा तथा पोखरा र वीरगञ्जलगायतका स्थानमा गरिएको परीक्षणका क्रममा अधिकतम १ जीबीपीएससम्मको डेटा गति हासिल भएको प्राधिकरणको मस्यौदामा उल्लेख छ। उक्त परीक्षणले शहरी क्षेत्रमा ‘ मिडब्यान्ड स्पेक्ट्रम’ प्रयोगको सम्भाव्यता, ब्याकहल नेटवर्कको तयारीको महत्त्व तथा भविष्यमा आवश्यक पर्ने ‘स्केलेबल स्पेक्ट्रम’ व्यवस्थापनको आवश्यकता देखाएको थियो।

५जी विस्तारका लागि नेपालले विद्यमान मोबाइल प्रविधिको व्यवस्थापन र क्रमिक विस्थापनसमेत गर्नुपर्ने देखिएको छ। हाल सेवा प्रदायकले मुख्यतः २जी, ३जी र ४जी नेटवर्क सञ्चालन गरिरहेका छन्। ५जी थपिँदा एकैपटक चार पुस्ताका मोबाइल नेटवर्क सञ्चालन गर्नुपर्ने हुन्छ, जसले पूर्वाधार, स्पेक्ट्रम र सञ्चालन खर्च बढाउने अवस्था सिर्जना गर्छ।

प्राधिकरणको मस्यौदामा हाल ३जी डेटा प्रयोगकर्ता तीन प्रतिशतभन्दा कम रहेको उल्लेख छ। तर ३जी सञ्चालनका लागि स्पेक्ट्रम र सञ्चालन खर्च भने निरन्तर भइरहेको छ। त्यसैले ३जी सेवाको चरणबद्ध अन्त्य गरी उपलब्ध स्रोतलाई ४जी तथा ५जीमा केन्द्रित गर्ने रणनीति प्रस्ताव गरिएको छ। मस्यौदाले ३जी सेवा विस्थापनका लागि सन् २०२७ देखि ३जी सेवा बन्द गर्ने तथा उपभोक्तालाई आधुनिक प्रविधितर्फ स्थानान्तरण गर्न सेवा प्रदायकले अभियान र प्रवर्द्धनात्मक प्याकेज सञ्चालन गर्ने प्रस्ताव गरेको छ। साथै नयाँ ३जी ह्यान्डसेट तथा उपकरण आयात रोक्ने प्रस्तावसमेत गरिएको छ।

नेपालमा मोबाइल ब्रोडब्यान्ड विस्तारको अर्को प्रमुख चुनौती उपलब्ध स्पेक्ट्रमको सीमितता हो। हाल सेवा प्रदायकलाई करिब २३८.२ मेगाहर्ज मोबाइल स्पेक्ट्रम बाँडफाँट गरिएको भए पनि विभिन्न ब्यान्डमा तोकिएको सीमा र एउटै स्रोतमा विभिन्न पुस्ताका प्रविधि सञ्चालन हुँदा उपलब्ध स्पेक्ट्रममा दबाब छ। प्राधिकरणका अनुसार हाल करिब ३५ प्रतिशत सेल अधिकतम फिजिकल रिसोर्स ब्लक उपयोगको अवस्थामा छन्। बढ्दो डेटा मागलाई सम्बोधन गर्न नेटवर्क क्षमता विस्तार आवश्यक देखिएको छ। त्यसका लागि ४जी सेवाले

> नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक मिनप्रसाद अर्यालका अनुसार ५जी सञ्चालनका लागि आवश्यक फ्रिक्वेन्सी छुट्याउने तथा बाँडफाँट गर्ने काम शीघ्र अघि बढाउने तयारी भइरहेको छ।

विद्यमान ब्यान्डको पूर्ण क्षमता प्रयोग गर्न सक्ने गरी थप स्पेक्ट्रम उपलब्ध गराउने तथा क्यारियर एग्रिगेसनलाई अनिवार्य गर्ने प्रस्ताव गरिएको छ।

५जीका लागि परम्परागत ‘म्याक्रो सेल’मा मात्र आधारित नेटवर्क पर्याप्त नहुने प्राधिकरणको निष्कर्ष छ। विशेषगरी शहरी क्षेत्रमा डेटा ट्राफिक अत्यधिक बढ्ने भएकाले माइक्रो, पिको तथा फेम्टो सेलजस्ता ‘स्मल सेल’ विस्तार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। घना शहरी क्षेत्रमा स्मल सेलमार्फत नेटवर्क क्षमता, स्पेक्ट्रमको प्रभावकारी उपयोग र पहुँच सुधार गर्ने लक्ष्य राखिएको छ। त्यस्तै फाइबर विस्तार आर्थिक वा भौगोलिक रूपमा कठिन रहेका दुर्गम तथा अर्धशहरी क्षेत्रमा ‘फिक्स्ड वायरलेस एक्सेस’ (एफडब्लूए) लाई ब्रोडब्यान्ड विस्तारको प्रभावकारी माध्यमका रूपमा प्रयोग गर्ने प्रस्ताव गरिएको छ। पूर्वाधार तथा सडक संरचना साझेदारीमार्फत नयाँ नेटवर्क विस्तारको लागत घटाउने उपाय पनि प्रस्ताव गरिएको छ। शहरी तथा मुख्य राजमार्ग क्षेत्रमा फाइबर पूर्वाधार विस्तार भए पनि दुर्गम तथा हिमाली क्षेत्रमा भौगोलिक कठिनाइ र उच्च लागतका कारण अझै माइक्रोवेभ लिंकमा निर्भरता रहेको छ। त्यसैले स्थान र भौगोलिक अवस्थाअनुसार फाइबर तथा माइक्रोवेभ ब्याकहल दुवैको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता मस्यौदामा औँल्याइएको छ।

अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (आईटीयू) को आईएमटी-२०२० मापदण्डअनुसार ५जी पाँचौँ पुस्ताको मोबाइल प्रविधि हो। जसले उच्च डेटा गति र धेरै उपकरणलाई एकैपटक जोड्न सक्ने क्षमता प्रदान गर्ने लक्ष्य राख्छ। यसको अधिकतम डेटा गति २० जीबीपीएससम्म पुग्न सक्ने र डाउनलोड गर्नका लागि लाग्ने समय मोबाइल उपकरणमा करिब चार मिलिसेकेन्ड तथा विशेष उपकरणमा अझ न्यून हुन सक्ने उल्लेख छ। यसकारण ५जी सेवाबाट मोबाइल इन्टरनेट मात्र नभई औद्योगिक स्वचालन, स्मार्ट कृषि, टेलिमेडिसिन, स्मार्ट पर्यटन, विपद् व्यवस्थापन, स्वचालित प्रणाली तथा अन्य डिजिटल सेवाका लागि अत्यावश्यक पूर्वाधारका रूपमा हेरिएको छ।

नेपालमा ५जीको यात्रा सन् २०२३ को परीक्षणबाट व्यावसायिक तयारीतर्फ अघि बढेको छ। एकातिर सरकारले चालु आर्थिक वर्षमै शहरी क्षेत्रमा ५जी सुरु गर्ने लक्ष्यसहित नीतिगत तथा संस्थागत तयारी अघि बढाएको छ भने अर्कोतर्फ नियामक दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकसँग चरणबद्ध कार्ययोजना मागेको छ। अब फ्रिक्वेन्सी बाँडफाँट, सेवा प्रदायकको लगानी र प्राविधिक तयारी, ४जीको देशव्यापी विस्तार, ३जीको व्यवस्थित विस्थापन, फाइबर तथा ब्याकहल पूर्वाधार विस्तार, स्मल सेल तथा एफडब्लूए प्रवर्द्धन र उपभोक्तालाई नयाँ प्रविधितर्फ स्थानान्तरण गर्ने काम समानान्तर रूपमा अघि बढाउनुपर्ने देखिन्छ। तत्कालीन लक्ष्यका रूपमा शहरी क्षेत्रमा ५जी सेवा सुरु गर्ने र दीर्घकालीन लक्ष्यका रूपमा सन् २०३५ सम्म देशभर सेवा विस्तार गर्ने गरी नेपालले मोबाइल ब्रोडब्यान्डको नयाँ चरणमा प्रवेश गर्ने तयारी गरेको छ। रासस

# ‘जेनजी आन्दोलनमा १७९ निकायका स्रेस्ता जले’



काठमाण्डु। गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका १७९ निकायको स्रेस्ता जलेको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको आजको बैठकमा महालेखापरीक्षक तोयम रायले आन्दोलनमा स्रेस्ता क्षति भएका निकायको लेखापरीक्षण हुन नसकेको जानकारी दिनुभयो।

सह महालेखानियन्त्रक दीपक लामिछानेले जलेका निकायको गोश्वार भौचर सुरक्षित रहेकाले त्यसबाट स्रेस्ता कायम गर्न सकिने बताउनुभयो। ती निकायले आन्तरिक लेखापरीक्षण गरेर प्रतिवेदन दिएकाले त्यसबाट विषय खुल्ने उहाँले स्पष्ट पार्नुभयो। अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले मन्त्रालयअन्तर्गतको राजस्वको कुनै क्षति नभएको र कोष तथा नियन्त्रक कार्यालयको प्रणाली गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा सुरक्षित रहेको बताउनुभयो।

ब ै ठ क म ा आन्दोलनका क्रममा स्रेस्ता नष्ट भई लेखापरीक्षण हुन नसकेका कार्यालयका अनियमिततालाई माफी नदिन सांसदहरूले आग्रह गर्नुभएको छ। सांसद गणेशसिंह ठगुन्नाले लेखापरीक्षण गर्न ती निकायले के पहल गरे त्यसको जानकारी समितिमा आउनुपर्ने बताउनुभयो।

सांसद प्रेमलाल चौधरीले जेनजी आन्दोलन राजनीतिक दुर्घटना भएकाले कानुनी रूपमै लेखापरीक्षण हुन नसकेको विषयलाई समाधान गर्न सकिने बताउनुभयो। कति निकायले १० दिनसम्मको राजश्व पनि बैङ्कमा दाखिला गरेको नपाइएकाले त्यसमा जिम्मेवारलाई भने कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनले गत वर्ष भदौ २३ र २४ गतेको घटना कानुनले भनेअनुसार प्राकृतिक प्रकोप र दुर्घटना दुवै नभएकाले यस विषयमा के गर्ने भनी सरकारले नै दृष्टिकोण अघि सार्नुपर्ने बताउनुभयो। सांसद खगेन्द्र सुनारले करिब डेढ खर्ब क्षति भएको विषयलाई हल्का छलफलका आधारमा छोड्नु नहुने बताउनुभयो। सांसद महेन्द्रबहादुर शाहीले स्रेस्ता जलेकामध्ये चालु र पुँजीगत कति, कति बजेट थिए भन्ने खोज्नुपर्ने बताउनुभयो।

सांसद विपीनकुमार आचार्यले सरकारी कार्यालयमा खरिदको दस्तावेज पनि हुने भएकाले खरिदसँग सम्बन्धित कम्पनी वा निकायसँग पनि त्यो सुरक्षित हुनसक्नेतर्फ पनि ध्यानाकर्षण गराउनुभयो। ती स्रोतबाट कागजात खोजी गर्न उहाँले सुझाव दिनुभयो। समिति सभापति भरतबहादुर खड्काले विधिअनुसार ती निकायको लेखापरीक्षण भएर आएपछि समितिमा छलफल हुने बताउनुभयो। रासस

## सीमासम्बन्धी अभिव्यक्ति अभिलेखबाट हटाउन आग्रह

काठमाण्डु। सांसदहरूले प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति सच्याउन तथा संसद्को अभिलेखबाट हटाउन आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बैठक शुरु हुनासाथ विपक्षी दलका सांसदहरूले आआफ्नो आसनबाट उठेर विरोध जनाएपछि सभामुखले दलीय आधारमा बोल्न समय दिनुभएको थियो।

सांसदहरूले गत जेठ १७ गते प्रधानमन्त्रीले संसद्मा दिनुभएको सीमासम्बन्धी अभिव्यक्तिबारे हालसम्म स्पष्ट जवाफ नआएको भन्दै सच्याउन आग्रह गर्नुभयो। उहाँहरूले प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति तत्काल फिर्ता लिन र संसद्को अभिलेखबाट हटाउन उहाँले सभामुखसमक्ष आग्रह गर्दै आउनुभएको छ। नेपाली कांग्रेसका सांसद भरतकुमार स्वारले नेपालले पनि भारतको भूमि मिचेको भन्ने अभिव्यक्ति सच्याउनुपर्ने भन्दै प्रधानमन्त्रीलाई सदनमा उपस्थितिका लागि सभामुखको ध्यानार्कषण गराउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद चन्देश्वर मण्डलले सुनसरी र सिरहामा भएका घटनामा गोली चलाउनुपर्ने अवस्था नरहेको बताउँदै घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गर्नुभयो।

सांसद मण्डलले प्रधानमन्त्री संसद्प्रति उत्तरदायी नभएको आरोप लगाउँदै दुई तिहाइको सरकारले महँगी, कृत्रिम अभाव, सुकुमवासीको समस्या, राहदानी तथा विद्युत् शुल्कलगायत विषयमा प्रभावकारी समाधान दिनुपर्ने बताउनुभयो।रासस

# सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण गर्न प्रविधिमैत्री बन्दै नेपाल प्रहरी


काठमाण्डु। सामाजिक सञ्जालमार्फत फैलिने मिथ्या सूचना, भ्रामक सूचना, ‘डिपफेक’, ‘हेट स्पिच’ तथा साइबर ठगीका घटना बढ्दै गएपछि नेपाल प्रहरीले त्यस्ता गतिविधि नियन्त्रणका लागि प्रविधिमैत्री अनुसन्धान र निगरानी प्रणालीलाई प्राथमिकता दिएको छ।

राससससँगको अन्तर्वार्तामा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले सामाजिक सञ्जालको दुरुपयोगबाट नागरिकबीचको सद्भाव खल्बलिन सक्ने तथा शान्ति सुरक्षामा चुनौती उत्पन्न हुन सक्ने भएकाले त्यसप्रति प्रहरी सचेत रहेको बताउनुयो। उहाँका अनुसार सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुने गलत गतिविधि नियन्त्रणका लागि प्रहरीले आफ्नो जनशक्ति र प्रविधिलाई थप सक्षम बनाउँदै लगेको छ।

त्यस्ता गतिविधिको निगरानी र अनुसन्धानका लागि साइबर ब्युरोलाई थप साधनस्रोत सम्पन्न बनाउने तथा प्रविधिबारे दक्ष जनशक्ति परिचालन गर्ने तयारी गरिएको उहाँको भनाइ छ। प्रहरीले ‘एडभान्स्ड एनालिटिक्स सेल’ मार्फत सामाजिक सञ्जालमा भइरहेका गतिविधिको निगरानीलाई समेत प्रभावकारी बनाउँदै लगेको छ।

“प्रहरीले सामाजिक सञ्जालमा फैलाइने मिथ्या तथा भ्रामक सूचना, डिपफेक र घृणाजन्य अभिव्यक्तिले सामाजिक सद्भावमा असर पार्न सक्ने भएकाले त्यस्ता सामग्रीको स्रोत पहिचान गरी कानुनी दायरामा ल्याउने कार्यलाई प्राथमिकता दिएको छ,” महानिरीक्षक कार्कीले भन्नुभयो, “यसका लागि सम्बन्धित सेवा प्रदायक, सरकारी निकाय तथा अन्य सरोकारवाला संस्थासँग समन्वयसमेत गरिएको छ।”

उहाँका अनुसार सामाजिक सञ्जालको




दुरुपयोगसँगै पछिल्लो समय अनलाइन ठगी पनि प्रहरीका लागि प्रमुख चुनौती बन्दै गएको छ। अनलाइन लोटरी परेको भन्दै ठगी गर्ने, केवाइसी अद्यावधिकका नाममा व्यक्तिगत तथा बैंकिङ विवरण माग्ने, ओटिपी लिएर रकम निकाल्ने तथा विभिन्न प्रलोभन देखाएर आर्थिक ठगी गर्ने घटना बढिरहेकाले त्यसलाई नियन्त्रण गर्न प्रहरी सक्षम हुने उहाँको विश्वास छ। यस्ता अपराध नियन्त्रणका लागि प्रहरीले नागरिक सचेतनासँगै अनुसन्धान र कारबाही अघि बढाएको महानिरीक्षक कार्कीले जानकारी दिनुभयो। आफूले चिठ्ठा नै नहालेको अवस्थामा चिठ्ठा परेको भन्दै आउने सन्देशमा विश्वास नगर्न, अपरिचित व्यक्तिलाई ओटिपी नदिन तथा बैंक वा वित्तीय संस्थाको नाममा फोन आएको भरमा व्यक्तिगत विवरण उपलब्ध नगराउन प्रहरीले आग्रह गर्दै आएको छ।

महानिरीक्षक कार्कीका अनुसार साइबर ठगी नियन्त्रणका लागि ‘एन्टी साइबर स्क्याम सेन्टर’ स्थापना गर्ने अवधारणासमेत अघि बढाइएको छ। प्रस्तावित संयन्त्रमा बैंक तथा वित्तीय संस्था, नेपाल राष्ट्र बैंक, प्रहरी र दूरसञ्चार क्षेत्रका प्रतिनिधिबीच समन्वय गरी पीडितले ठगी भएको थाहा पाउनेबित्तिकै तत्काल प्रतिक्रिया दिन सकिने व्यवस्था गरिने उहाँले जानकरी दिनभयो।

साइबर ठगीका घटना भएको तत्काल जानकारी प्राप्त गर्न सके आपराधिक मनोवृत्तिका घटना कम गर्न सकिने महानिरीक्षक कार्कीले बताउनुभयो। यसका लागि विभिन्न माध्यमबाट तत्काल सूचना प्राप्त गर्ने र सम्बन्धित निकायलाई परिचालन गर्ने प्रणाली विकास गरिने उहाँको भनाइ छ।

त्यसैगरी प्रहरीले ‘इमिडिएट फाइनान्सियल फ्रड रिपोर्टिङ सिस्टम’ अर्थात् ई-रिपोर्टिङ प्रणाली विकास गर्ने तयारी गरेको छ। उक्त प्रणालीमार्फत नागरिकले आफू ठगीमा परेको सूचना तत्काल प्रहरीलाई उपलब्ध गराउन सक्नेछन्। सूचना प्राप्त हुनासाथ सम्बन्धित बैंक तथा वित्तीय संस्था, दूरसञ्चार सेवा प्रदायक र प्रहरीबीच समन्वय गरी ठगीबाट भएको आर्थिक क्षति न्यूनीकरण गर्ने लक्ष्य राखिएको छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

# सुनकोसीमा फालहाल्ने दम्पती र राज्यको निर्लज्जता



● सञ्जीव कार्की

गत साउन २० गते काभ्रेपलान्चोकको भुम्लु गाउँपालिका- ८ स्थित दुलालेश्वर महादेव मन्दिर नजिकबाट मण्डनदेउपुर नगरपालिका- ७ का ६८ वर्षीय केदारनाथ पराजुली र उनकी ६७ वर्षीया पत्नी तिलकुमारी पराजुलीले आफूलाई सुनकोसी नदीको उर्लंदो छालमा हेलिएर समाधिस्थ गराएका छन्।

तिलकुमारी बोन म्यारो क्यान्सरका कारण अपाङ्ग थिइन्। उनीहरू नदीमा हामफाल्नुअघि श्रीमानले आफ्नी बिरामी श्रीमतीलाई पिठ्युमा बोकेर दोलालघाट बजार काटेको भिडियो फुटेज भाइरल भएको छ। यो केवल एउटा आत्महत्या वा व्यक्तिगत पारिवारिक दुःखान्त मात्र भनेर बुझ्नु गम्भीर भूल हुनेछ।

यो नागरिकको राज्यप्रतिको अन्तिम मोहभंग र अस्तित्वगत सङ्कटको दारुण विसर्जन थियो।

०७९ असारमा विभिन्न समाचार माध्यमहरूमा प्रकाशित एउटा तस्बिर र समाचारले नेपालको स्वास्थ्य प्रणालीको निर्मम अनुहार देखाएको थियो। समाचारमा रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाका खड्के नेपालीले क्यान्सरपीडित आफ्नी श्रीमती बेलामता नेपालीको उपचारका लागि आफ्नो नाममा रहेको जग्गा धितो राखी साहुसँग चर्को ब्याजमा पाँच लाख पैँसठ्ठी हजार रुपैयाँ ऋण लिएको र सोही वर्षको २९ कात्तिकभित्र साँवा-ब्याजसहित रकम फिर्ता गर्न नसके जग्गा-जमिनबाट असुलउपर गर्ने व्यहोराको कपाली तमसुकसमेत देखाइएको थियो।

गरिब परिवारका लागि उपचार जीवन बचाउने उपायभन्दा पहिले ऋण, ब्याज, सम्पत्ति र अन्ततः अस्तित्वकै प्रश्न बन्न पुगेको थियो। कागजमा हस्ताक्षर गरेर उपचारका लागि पैसा खोज्नुपर्ने त्यो बाध्यता यस्तो थियो, मानौँ बिरामी हुनु पनि एउटा आर्थिक अपराध हो। यसको सजाय परिवारले ऋण, सम्पत्ति र भविष्य गुमाएर तिर्नुपर्छ।

जबकि त्यही समयमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री तथा नेताहरू उपचारका लागि राज्यकोषबाट लाखौँ-करोडौँ रुपैयाँ खर्च गरिएको समाचार सार्वजनिक भइरहेका थिए।

एउटै राज्यमा कसैका लागि उपचार अधिकार जस्तो र कसैका लागि ऋण, सम्पत्ति गुमाउने जोखिम र अन्ततः मृत्युको दुर्दान्तसँग सामना गर्नुपर्छ भने त्यस्तो राज्यको सामाजिक न्याय कस्तो हो ? प्रश्न गम्भीर मात्र होइन, अत्यन्त पेचिलो छ।

गरिबका लागि स्वास्थ्य समस्या रोगमा मात्र सीमित रहेन; त्यसले उसको आर्थिक हैसियतलाई नै अपराधजस्तो बनाइदिएको छ र गरिबीलाई मानौँ जन्मजात अभिशापका रूपमा पुनः प्रमाणित गरिरहेको छ।

यहाँ दुई परिवारको व्यथाको तुलनात्मक अध्ययन नभएर हाम्रो नेपालको स्वास्थ्य व्यवस्थाको सामाजिक एक्स-रेको रिपोर्ट पस्कन खोजिएको छ।

एउटा मान्छे आफ्नी श्रीमतीको उपचारका लागि आफ्नो सम्पूर्ण सम्पत्ति जायजेथा बन्धक राख्छ। बेचबिखन गर्छ। र, अर्को परिवारको वृद्ध दम्पती श्रीमतीसहित सुनकोसीमा फालहाल्छ भने के यसले हाम्रो राज्यको निरीहतालाई देखाउँदैन ?

हामीले सञ्चार माध्यमहरूमा पढेका छौँ। कोही प्राथमिक उपचारको अभावमा शरीरका विभिन्न अङ्ग कुहाएर घरमै कारुणिक मृत्यु कुर्न विवश छन्। कोही अस्पताल पुगेर पनि उपचार खर्च तिर्न नसकेर मृतकको शव लिन पाइरहेका छैनन्। कोही उपचार खर्च तिर्नु भन्दा शव नबुझी भागेर हिँडेका छन्। कोही आफ्ना सन्तानको उपचार खर्चको बिल देखेर अस्पतालकै छतबाट हाम फालेर मरेका छन्।

यस्ता अनगिन्ती हृदयविदारक घटना, दृश्य र परिदृश्यले हाम्रो देशका पार्टी, नेता, मन्त्री प्रधानमन्त्री, राष्ट्रपति र समग्र राज्य प्रणालीलाई नै खिज्याईरहेको छ। यहाँ हामीले एउटा असहज प्रश्न सोध्नैपर्छ- मान्छे उपचार गराउन नसकेर नदीमा पुग्छ भने त्यो उसको निजी असफलता हो वा राज्य व्यवस्थाको असफलता ? नागरिक रोगसँग लड्ने कि उपचारको खर्चसँग ?

परिवारसहित नदीमा फालहाल्ने निर्णयका अनेक कारण हुन सक्छन्। मानसिक पीडा, आर्थिक संकट, पारिवारिक विवशता, सामाजिक दबाब आदि तर जब एउटा क्यान्सरपीडित नागरिकको उपचार खर्च परिवारको आर्थिक क्षमताभन्दा धेरै नै माथि पुग्छ र उपचार गराउनु भनेको घर, जग्गा, ऋण र भविष्य सबै दाउमा लगाउनु हुन्छ, त्यहाँ एउटा गम्भीर संरचनागत प्रश्न जन्मिन्छ। स्वास्थ्य सेवा नागरिकको अधिकार हो कि बजारमा किन्नुपर्ने बस्तु ?

नेपालको संविधानले यसको उत्तर स्पष्ट दिएको छ। संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक र स्वास्थ्य सेवामा समान पहुँचको हक भनेको छ। तर संविधानको कागज र नागरिकको जीवनबिचको दूरी कति ठूलो छ भन्ने कुरा यस्ता घटनाले देखाउँछन्।

संविधानले स्वास्थ्यलाई मौलिक हक भन्छ; नागरिकले उपचारका लागि साहुको ढोका ढकढक्याउनुपर्छ।

संविधानले समान पहुँच भन्छ; नागरिकको पहुँच उसको आम्दानीले निर्धारण गर्छ। संविधानले सम्मानपूर्वक बाँच्ने अधिकारको प्रत्याभूति गर्छ; नागरिक उपचार खर्चको बोझले जीवनबाटै पलायन हुने अवस्थामा पुग्छ। यही विरोधाभासमा नेपालको राज्यको चरित्र देखिन्छ।

राज्यको चरित्र केवल संसद्, सिंहदरबार र




*Ai Generated Image*

सरकारी घोषणामा देखिँदैन। राज्यको वास्तविक चरित्र त्यतिबेला देखिन्छ, जब एउटा गरिब नागरिक अस्पतालको काउन्टरमा उभिएर 'मसँग पैसा छैन, मेरो उपचार गरिदिनुस्' भन्छ।

राज्यले आफ्ना नागरिकलाई अधिकारको प्रत्याभूति गराउँछ कि त्यसमा उसले ग्राहक देख्छ ? यहीँ ठाउँबाट गोविन्द केसीको सत्याग्रह बुझिन्छ। डा. केसीको संघर्षलाई केवल मेडिकल कलेज खोल्ने, सिट संख्या तोक्ने वा कुनै व्यक्तिको नियुक्तिसँग जोडेर बुझ्नु स्वास्थ्य न्यायको मूल प्रश्नबाट भाग्नु हो। उनको सत्याग्रहको मूल आग्रह र आशय थियो/छ स्वास्थ्य र चिकित्सा शिक्षा बजारको वस्तु होइन, सार्वजनिक सरोकार र राज्यको दायित्व हो।

चिकित्सा शिक्षा महँगो, असमान र व्यापारीकृत भयो भने त्यसबाट उत्पादन हुने स्वास्थ्य सेवा पनि अन्ततः महँगो र असमान हुन्छ। चिकित्सा शिक्षा केही सीमित आर्थिक वर्गको पहुँचमा पुग्यो भने चिकित्सकको वितरण, स्वास्थ्य संस्थाको स्वरूप र उपचारको लागतमा त्यसको असर पर्छ। यही कारण डा. केसीका मागहरू क्रमशः चिकित्सा शिक्षाबाट स्वास्थ्य न्यायको प्रश्नतर्फ विस्तारित भएका थिए। देशको समग्र सुशासनको सवालसम्म पुगेको हो।

गोविन्द केसीको अनशनलाई एउटा चिकित्सकको व्यक्तिगत हठका रूपमा हेर्नु गलत हुन्छ। त्यो वास्तवमा राज्यलाई उसको संवैधानिक दायित्व सम्झाउने नागरिकको सत्याग्रह थियो। विडम्बना के छ भने, जुन कुरा राज्यले संविधानमा लेखेको छ, त्यही कुरा सम्झाउन एउटा चिकित्सकले पटक-पटक आफ्नो शरीरलाई दाउमा लगाउनु पर्छ तथापि स्वास्थ्य सेवा र शिक्षा नागरिकको आफ्नो पहुँच र अधिकारको विषय बन्न सकेको छैन।

पराजुली दम्पतीको जलसमाधिले हामीलाई सबैभन्दा गहिरो ठाउँमा छुन्छ। मान्छे गरिब हुन सक्छ। उसले ऋण लिन सक्छ। उसको घर कमजोर हुन सक्छ। उसको आय कम हुन सक्छ। तर बिरामी हुँदा उसले कम्तीमा यति भरोसा गर्न पाउनुपर्ने होइन र 'मलाई राज्यले मर्न दिँदैन, मेरो स्वास्थ्यको सुरक्षाका लागि मेरो अभिभावक राज्य छ सरकार छ।विभिन्न प्राणघातक रोगसँग लडिरहेको मानिसलाई औषधि चाहिन्छ, अस्पताल चाहिन्छ, चिकित्सक चाहिन्छ, पैसा चाहिन्छ। तर त्यससँगै उसलाई एउटा अर्को कुरा पनि चाहिन्छ आशा। त्यो आशा हो, आफ्नो सरकार हुनुको प्रगाढ अनुभूति। जब उपचारको लागतले आशा नै किन्न नसकिने बनाउँछ, त्यहाँ रोगले मात्र मानिसलाई मारिरहेको हुँदैन; व्यवस्थाले पनि उसको आशा मारिरहेको हुन्छ। उसको आसाको हत्या गरिरहेको हुन्छ।

सुनकोसीमा जलसमाधिको निर्णय फगत एउटा दम्पतीको निजी दुःखान्त होइन। यो हामी सबैको सामूहिक संवेदनामाथि आएको प्रश्न हो। हाम्रो मानवीय संवेदनालाई सधैँ चिमोटी रहने दुखान्त दृष्टान्त हो। कस्तो समाज बनायौँ हामीले, जहाँ मानिसलाई रोगसँग लड्नुभन्दा उपचारको खर्चसँग लड्न गाह्रो हुन्छ ? कस्तो राज्य बनायौँ, जहाँ नागरिकले संविधानमा स्वास्थ्यको मौलिक हक पढ्न सक्छ तर अस्पतालको बिल तिर्न नसक्दा त्यही हक व्यवहारमा हराउँछ ?

यो मृत्युको प्रश्न मात्र होइन, राज्यको चरित्रको प्रश्न हो। राज्य लोककल्याणकारी हो भने नागरिकको सबैभन्दा कमजोर क्षणमा राज्य उसको साथमा उभिनुपर्छ। स्वास्थ्यमा राज्यको उपस्थिति अस्पतालको भवनमा मात्र होइन, नागरिकको उपचार गर्न सक्ने क्षमतामा देखिनुपर्छ।

औषधि, उपचार, स्वास्थ्य बीमा, विशेषज्ञ सेवा, प्राणघातक रोग लगायत अन्य रोगको उपचार, आकस्मिक सेवा यी सबैलाई बजारको नियममा मात्र छोडेर राज्यले आफ्नो संवैधानिक दायित्व पूरा गरेको मान्न सकिँदैन। किनकि गरिब नागरिकले बजारसँग प्रतिस्पर्धा गर्न सक्दैन। उसको रोगसँग उसको आम्दानीको तुलना हुँदैन।

क्यान्सरले सोध्दैन- तिम्रो बैंक खातामा कति पैसा छ ? मिर्गौलाले सोध्दैन- तिमी धनी कि गरिब ? मुटुले सोध्दैन- तिमी कुन वर्गका हौ ? फोक्सोले सोध्दैन- तिमी मेचीका हौ कि कर्णालीका ? दुर्घटनाले सोध्दैन तिमी धर्म गर्न हिँडेका हौ कि पाप ? रोगले नागरिकको सामाजिक हैसियत पढेर शरीरमा प्रवेश गर्दैन। तर यदि हाम्रो स्वास्थ्य प्रणालीले उपचारको ढोकामा नागरिकको आर्थिक हैसियत सोध्छ भने समस्या त्यहीँ छ।

बजारको तर्कले भन्छ- जसले तिर्न सक्छ, उसले सेवा पाउँछ। लोककल्याणकारी राज्यको तर्क र व्यवहारले भन्नुपर्छः जसलाई उपचार चाहिन्छ, उसले उपचार पाउनुपर्छ। यी दुई दृष्टिकोणबिचको दूरी नै स्वास्थ्य न्यायको दूरी हो।

संविधानले सामाजिक न्याय, समानता, गरिमापूर्ण जीवन र आधारभूत सेवामा पहुँचको वाचा गरेको छ। स्वास्थ्यसम्बन्धी मौलिक हकले राज्यलाई अझ स्पष्ट जिम्मेवारी दिएको छ। तर एउटा नागरिक उपचारको खर्च जुटाउन नसकेर परिवारसहित नदीमा पुग्छ भने हामीले संविधानको अक्षर होइन, उसको मर्म असफल भएको हो कि होइन भनेर हेर्नुपर्छ।

यस्ता घटनालाई 'दुःखद् आत्महत्या' भनेर फाइल बन्द गर्नु पर्याप्त हुँदैन। त्यसभित्र लुकेको सामाजिक नियति पढ्नुपर्छ। त्यसभित्रको गरिबी पढ्नुपर्छ। त्यसभित्र राज्यप्रतिको नागरिकको भरोसा कसरी भत्कियो भन्ने कुराको अध्ययन हुनपर्छ। अर्को कुरा प्राडा गोविन्द केसीले वर्षौँदेखि आफ्नो शरीरमाथि लेखिरहेको प्रश्न पढ्नुपर्छ।

डा केसीले राज्यलाई बारम्बार यही कुरा सम्झाइरहेका थिए। स्वास्थ्य व्यापार होइन, नागरिकको अधिकार हो। चिकित्सा शिक्षा केवल व्यवसाय होइन, सार्वजनिक स्वास्थ्यको आधार हो। र, स्वास्थ्य सेवामा समान पहुँच राज्यको दायित्व हो।

उनका आन्दोलनका मागहरूमा सरकारी मेडिकल कलेज, शुल्क नियन्त्रण, चिकित्सा शिक्षा सुधार र स्वास्थ्य सेवाको पहुँच विस्तारजस्ता विषय निरन्तर जोडिएका थिए। आज सुनकोसीको किनारबाट आएको एउटा दुःखद् निर्णयले फेरि त्यही प्रश्न सोधेको छ।

गोविन्द केसीले आफ्नो वृद्ध र जीर्ण शरीर सुकाएर राज्यलाई आजसम्म २४औँ पटक (२८० दिन भन्दा बढी ) अनशन बसेर प्रश्न गरे, सचेत हुन् खबदारी गरे र संविधानप्रदत्त स्वास्थ्य र शिक्षासम्बन्धी दायित्व सम्झाउन आफ्नो जीवन दाउमा राखे।

पराजुली दम्पतीको नियतिले त्यस प्रश्नलाई अझ भयावह बनाएको छ। यदि स्वास्थ्य अधिकार हो भने उपचार नपाएर नागरिकले मृत्यु रोज्नुपर्ने अवस्था किन आयो ? नयाँ जनमतसहितको नयाँ सरकारप्रति पनि नागरिकले भरोसा किन गरेन ? अब मेरो राज्य छ मेरो सरकार छ म उपचार नपाएर अकालमा मर्दिन भन्ने समाजिक सुरक्षाको अनुभूति एउटा दुःखी नागरिकले किन गर्न सकेन ? वर्तमान सरकाले आजसम्म अभ्यास गरिएको स्वास्थ्य र शिक्षा नीतिको पुनरवलोकन गर्ने अवसरको रूपमा यस्ता दुःखान्त नियतिलाई लिनुपर्छ।

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा, पराजुली दम्पतीको जलसमाधि वा खड्के नेपालीले उपचारका लागि जग्गा धितो राखेर गरेको कपाली तमसुक कुनै आकस्मिक वा विशुद्ध निजी परिघटना मात्र होइनन्। यी घटनाका पछाडि गरिबी, रोग, आर्थिक असुरक्षा, स्वास्थ्य सेवामा असमान पहुँच र राज्यका कमजोर सामाजिक सुरक्षा संयन्त्रले निर्माण गरेको संरचनागत हिंसाको उपस्थिति देखिन्छ।

मृत्युको तत्कालीन कारण पत्ता लगाउनु आवश्यक छ; तर त्यसको सामाजिक कारण पत्ता लगाउनु त्यसभन्दा कम महत्त्वपूर्ण छैन। किनकि एउटा मानिसको मृत्यु उसको व्यक्तिगत नियतिको अन्तिम बिन्दु मात्र नहुन सक्छ; त्यसले समाज, राज्य र संस्थाप्रतिको उसको भरोसा कहाँ पुगेर भत्कियो भन्ने प्रश्न बोकेको हुन्छ।समाजशास्त्री इमाइल दुर्खिमले आत्महत्यालाई केवल व्यक्तिगत मनोदशा वा निजी निर्णयका रूपमा होइन, सामाजिक सम्बन्ध, सामाजिक एकीकरण र नियमनसँग गाँसिएको सामाजिक तथ्यका रूपमा व्याख्या गरेका छन्। अर्थात्, व्यक्तिको सबैभन्दा निजी देखिने निर्णयभित्र पनि समाजको संरचना, सम्बन्ध र संस्थागत अवस्थाको प्रभाव अन्तर्निहित हुन्छ।

यही अर्थमा पराजुली दम्पतीको दुःखान्तलाई केवल 'दुई व्यक्तिको आत्मघाती निर्णय' भनेर बुझ्नु अपूर्ण हुन्छ। त्यसको पछाडि रोगसँगै जोडिएको आर्थिक संकट, सामाजिक असुरक्षा, उपचारको असमान पहुँच र राज्यबाट अपेक्षित संरक्षणको अभावजस्ता संरचनागत प्रश्नहरू पनि खोजिनुपर्छ।

किनकि आत्महत्यामा एउटा जीवन मात्र समाप्त हुँदैन; एउटा सामाजिक विश्वास पनि समाप्त हुन्छ। संकटमा राज्य मेरो साथमा हुन्छ, भन्ने विश्वास।

नागरिको राज्य र सरकारप्रति आज पनि खस्कन नरोकिएको विश्वास र भरोसाको उत्तर एउटा परिवारले होइन, राज्यले दिनुपर्छ। किनकि नदीमा बगेको केवल दुई शरीर होइनन्। हाम्रो मानवीय समवेदना, राज्यको दायित्व र नागरिको स्वास्थ्यप्रति लिइएको गलत नीति र अभ्यास हुन्।

नदीमा बगेका दुई वृद्ध दम्पत्तीको शव होइन, संविधानप्रतिको भरोसा, राज्यप्रतिको विश्वास र हामीले बनाएको लोककल्याणकारी समाजको नैतिकता हो। पराजुली दम्पतीको निर्णयमा हामी केवल एउटा परिवारको वेदना देखेर आँसु झार्ने होइन। त्यो वेदनाको राजनीतिक र सामाजिक कारण पहिचान गरेर राज्यको स्वास्थ्य नीतिमाथि पुनः प्रश्न उठाउने ठाउँमा उभिनुपर्छ।

प्रश्नलाई सही समाधानको विधि खोजेर शीघ्रातिशीघ्र निरूपण गर्न अग्रसर हुनुपर्छ। नत्र गोविन्द केसीको सत्याग्रह हामीले सुनेका होइनौँ, केवल गनेका मात्र हुनेछौँ।

## सम्पादकीय

# ढल्केवर ट्रमा सेन्टर निर्माणमा इमानदारी आवश्यक

धनुषाको मिथिला नगरपालिका-ढल्केवरमा निर्माण गर्ने भनिएको ट्रमा सेन्टरलाई अन्यत्र सार्ने सरकारी प्रयासपछि उत्पन्न विवाद तत्कालका लागि समाधानतर्फ उन्मुख देखिन्छ। आन्दोलनरत स्थानीयवासी र जनप्रतिनिधिको दबाबपछि सरकारले ढल्केवरमै बजेटसहित ट्रमा सेन्टर निर्माण गर्ने र सिरहाको प्रादेशिक अस्पतालमा पनि ट्रमा सेन्टरसहितका सेवा सुविधा विस्तार गर्ने घोषणा गरेको छ। यो निर्णय स्वागतयोग्य भए पनि विगतको अनुभवका कारण स्थानीयवासीमा उत्पन्न अविश्वासलाई सरकारले व्यवहारबाटै चिर्न आवश्यक छ। ढल्केवरमा ट्रमा सेन्टर स्थापनाको प्रक्रिया कुनै आकस्मिक वा राजनीतिक मागका आधारमा शुरु भएको देखिँदैन। संघीय बजेटमार्फत राजमार्गमा हुने दुर्घटनालाई लक्षित गर्दै ट्रमा सेन्टर स्थापना गर्ने नीति अघि बढेपछि स्थानीय तह, नापी तथा मालपोत कार्यालय, सम्बन्धित मन्त्रालय र संघीय सरकारका विभिन्न निकायबाट वर्षौंसम्म प्रक्रिया अघि बढाइएको थियो। जग्गा पहिचान, स्थानीय तहको निर्णय, स्थलगत अध्ययन, नक्सा तथा डिजाइन स्वीकृति र सरकारी जग्गा उपयोगसम्बन्धी प्रक्रियासमेत पूरा भएको स्थानीयको दाबी छ। मन्त्रिपरिषद्सम्मबाट जग्गा उपयोगको स्वीकृति प्राप्त भइसकेको अवस्थामा आयोजना अन्यत्र सार्ने संकेत आउनु स्वाभाविक रूपमा विवादको कारण बन्यो। ट्रमा सेन्टर कहाँ स्थापना गर्ने भन्ने विषय केवल स्थानको प्रतिष्ठासँग जोडिएको प्रश्न होइन। पूर्व-पश्चिम राजमार्गमा हुने दुर्घटनाको जोखिम, बिरामीलाई तत्काल उपचार उपलब्ध गराउने आवश्यकता र स्वास्थ्य सेवाको पहुँचसँग यसको प्रत्यक्ष सम्बन्ध छ। त्यसैले निर्णय गर्दा राजनीतिक दबाब वा क्षेत्रीय प्रतिस्पर्धाभन्दा स्वास्थ्य सेवाको वास्तविक आवश्यकता, भौगोलिक पहुँच, दुर्घटनाको जोखिम र पूर्वाधारको सम्भाव्यतालाई प्राथमिकता दिनुपर्छ। सिरहाको लहानमा पनि ट्रमा सेवा विस्तार गर्नु आवश्यक हुन सक्छ। तर त्यसका लागि ढल्केवरमा अघि बढिसकेको आयोजना रोक्नुपर्ने तर्क उचित हुँदैन। मधेश प्रदेशका विभिन्न क्षेत्रमा दुर्घटनाका जोखिम र स्वास्थ्य सेवाको मागलाई ध्यानमा राखी आवश्यकताअनुसार एकभन्दा बढी स्थानमा सेवा विस्तार गर्नु नै दीर्घकालीन समाधान हुन सक्छ। सरकारले ढल्केवरको योजना यथावत् रहेको घोषणा गरेर तत्कालको विवाद मत्थर पार्ने प्रयास गरेको छ। अब त्यसलाई लिखित निर्णय, स्पष्ट बजेट, समयसीमा र निर्माणको ठोस कार्यतालिकामार्फत पुष्टि गर्नुपर्छ। विगतका निर्णय फेरबदलले गुमेको विश्वास भाषण वा सामाजिक सञ्जालको स्पष्टीकरणबाट होइन, कार्यान्वयनबाट मात्र फर्किन्छ। स्थानीय आन्दोलन पनि अब तथ्य र प्रमाणका आधारमा अघि बढ्नुपर्छ। आयोजना निर्माण सुनिश्चित हुने स्पष्ट सरकारी प्रतिबद्धता आएमा संवादमार्फत समाधान खोज्नु उचित हुन्छ। अन्ततः ट्रमा सेन्टर कुनै क्षेत्र वा समूहको राजनीतिक उपलब्धिको रुपमा अर्थ्याउनु नै गलत हो। यो नागरिकको जीवन बचाउने सार्वजनिक स्वास्थ्य पूर्वाधार हो। त्यसैले सरकारले निर्णयमा स्थिरता, प्रक्रियामा पारदर्शिता र कार्यान्वयनमा इमानदारी देखाउनुपर्ने आजको आवश्यकता रहेको छ।

# बालबालिकाको लागि प्रारम्भिक अर्थोडोन्टिक उपचारको महत्व



● डा.मुकुन्द झा

अर्थोडोन्टिक उपचार भनेको दाँत र बङ्गाराको गलत मिलान, बाङ्गाटिङ्गा वा खाँदिएका दाँत, दाँतबीचको बढी खाली ठाउँ तथा टोकाइसम्बन्धी समस्याहरू सुधार गर्ने विशेष दन्त उपचार हो।

यस उपचारमा ब्रेसेस, एलाइनर तथा अन्य अर्थोडोन्टिक उपकरणहरूको प्रयोग गरी दाँतलाई बिस्तारै सही स्थानमा ल्याइन्छ। यसले दाँतको स्वरूप सुधार गर्नुका साथै चपाउने क्षमता, मुखको कार्यक्षमता र दीर्घकालीन मौखिक स्वास्थ्यमा सुधार ल्याउन मद्दत गर्छ।

अर्थोडोन्टिक उपचारले बच्चाको बोली, चपाउने क्षमता र आत्म-सम्मानलाई असर गर्न सक्ने खाँदिएर रहेका दाँत , दाँतबीच बढी खाली ठाउँ हुनु र दाँतको गलत मिलान) जस्ता समस्याहरूलाई पनि सम्बोधन गर्न सक्छ।

के बच्चाहरूको लागि प्रारम्भिक अर्थोडोन्टिक उपचार आवश्यक छ ?

बच्चाहरूको लागि प्रारम्भिक अर्थोडोन्टिक हस्तक्षेप धेरै महत्वपूर्ण हुन सक्छ। यसले बङ्गारा वृद्धि र दाँत पङ्क्तिबद्धतासँग सम्बन्धित समस्याहरू अझ गम्भीर हुनु अघि समाधान गर्न मद्दत गर्न सक्छ, र सीधा, अझ सौन्दर्यको हिसाबले मनमोहक सुन्दर मुस्कान सिर्जना गरेर बच्चाको आत्म-सम्मान र आत्मविश्वास सुधार गर्न सक्छ।

यसबाहेक, सानै उमेरमा अर्थोडोन्टिक उपचार सुरु गर्नाले सम्भावित बोली अवरोधहरू र चपाउन वा निल्न कठिनाइहरू रोक्न सक्छ जुन गलत तरिकाले मिलाइएको दाँत वा बङ्गाराबाट उत्पन्न हुन सक्छ।

प्रारम्भिक हस्तक्षेपले अर्थोडोन्टिस्टहरूलाई स्थायी दाँतको वृद्धिलाई तिनीहरूको उचित स्थितिमा मार्गदर्शन गर्न अनुमति दिन्छ, जसले गर्दा भविष्यमा व्यापक उपचार आवश्यक पर्ने भीडभाड वा अन्य समस्याहरूको सम्भावना कम हुन्छ।

यहाँ हामी चरण १. (५-११ वर्षका बच्चाहरूको लागि ) र चरण २. (१२-१८ वर्षका बच्चाहरूको लागि) अर्थोडोन्टिक उपचारबारे जानकारी प्रदान गर्दछौं।


चरण १. उपचारले बङ्गारालाई तपाईंको बच्चाको स्थायी दाँतलाई समायोजन गर्ने तरिकाले विकास गर्न मद्दत गर्दछ।

चरण २. आवश्यक भएमा ब्रेसेस वा स्पष्ट पङ्क्तिबद्धकर्ताहरूको साथ त्यो जगमा निर्माण गर्दछ।

तल, हामी तपाईंको बच्चालाई प्रारम्भिक उमेरमा अर्थोडोन्टिक उपचार आवश्यक पर्नुका केही सामान्य कारणहरू सूचीबद्ध गर्नेछौं। बाङ्गो दाँतले चपाउन र बोल्न गाह्रो बनाउन सक्छ, साथै दाँत किरा लाग्ने र गिजाको रोग लाग्ने जोखिम पनि बढ्न सक्छ। यो किनभने पङ्क्तिबद्ध दाँत सफा गर्नु भन्दा बाङ्गो वा खाँदिएर रहेका दाँत भएका दाँतहरू राम्ररी सफा गर्न धेरै गाह्रो हुन्छ। गलत पङ्क्तिबद्ध दाँतले बङ्गाराको जोर्नीमा असमान दबाबको कारणले बङ्गाराको दुखाइ र टाउको दुखाइ निम्त्याउन सक्छ।


यदि तपाईंको बच्चालाई खाना टोक्न वा चपाउन गाह्रो भइरहेको छ भने अर्थोडोन्टिक उपचारको आवश्यकता पर्न सक्छ। यो गलत पङ्क्तिबद्ध दाँत वा बङ्गाराको समस्याको कारण हुन सक्छ, जसले खाना राम्ररी चपाउने र पचाउने क्षमतालाई असर गर्न सक्छ। थप रूपमा, यदि तपाईंको बच्चाले खाना खाँदा बारम्बार दुखाइ वा असुविधाको गुनासो गर्छ भने, यो उनीहरूको दाँत राम्ररी पङ्क्तिबद्ध नभएको संकेत हुन सक्छ र अर्थोडोन्टिक हस्तक्षेपबाट लाभ उठाउन सक्छ।

तपाईंको बच्चालाई अर्थोडोन्टिक उपचार आवश्यक पर्न सक्छ भन्ने अर्को संकेत भनेको बच्चाको दाँत चाँडै झर्नु हो, जसले दाँतको पङ्क्तिबद्धता वा दूरीमा समस्याहरू संकेत गर्न सक्छ। यो किनभने बच्चाको दाँत चाँडै झर्नुले मुखमा खाली ठाउँहरू सिर्जना गरेर वा खाँदिएर रहेका स्थायी दाँतको प्राकृतिक विकासलाई बाधा पुऱ्याउन सक्छ। बच्चाहरूको लागि उनीहरूको मुस्कानमा मद्दत गर्न धेरै उत्कृष्ट प्रारम्भिक अर्थोडोन्टिक उपचार विकल्पहरू छन्। केही सबैभन्दा सामान्य समावेश छन्। बालबालिकाका लागि सबैभन्दा सामान्य अर्थोडोन्टिक उपचारमध्ये एक हो। यसमा धातुका ब्र्याकेट र तार प्रयोग गरी दाँतलाई बिस्तारै सीधा पारिन्छ तथा दाँतको गलत मिलान र टोकाइसम्बन्धी समस्याहरू सुधारिन्छन्। ब्र्याकेटहरू प्रत्येक दाँतमा टाँसिएका हुन्छन् र तारद्वारा जोडिएका हुन्छन्। अर्थोडोन्टिस्टले नियमित अन्तरालमा तार समायोजन गर्दै दाँतलाई क्रमशः सही स्थानमा ल्याउँछन्। यो उपचार सामान्यतया केही वर्षसम्म चल्न सक्छ। उपचारको अवधिभर बालबालिकाले कडा, टाँसिने वा ब्रेसेसलाई क्षति पुऱ्याउन सक्ने खानेकुराबाट बच्नुपर्छ। साथै, ब्रेसेस वरिपरि दाँतमा क्षय र गिजासम्बन्धी समस्या हुन नदिन नियमित ब्रस गर्ने, फ्लस गर्ने तथा राम्रो मुखको सरसफाइ कायम राख्नु अत्यन्त आवश्यक हुन्छ। प्यालेटल एक्सपान्डर बालबालिकामा साँघुरो माथिल्लो तालु फराकिलो बनाउन प्रयोग गरिने अर्थोडोन्टिक उपकरण हो। यसले माथिल्लो बङ्गारालाई बिस्तारै विस्तार गरी स्थायी दाँतहरू सही स्थानमा आउन आवश्यक ठाउँ सिर्जना गर्न मद्दत गर्छ। यो उपकरण सामान्यतया केही महिनासम्म लगाइन्छ। उपचारको क्रममा



एक्सपान्डरले तालुमा हल्का र निरन्तर दबाब दिँदै माथिल्लो बङ्गारालाई क्रमशः फराकिलो बनाउँछ, जसले दाँतको मिलान र टोकाइसम्बन्धी समस्याहरू सुधार्न सहयोग पुऱ्याउँछ।नेपालीहेल्थडटकमबाट साभार गरिएको छ।

# एमाले र नेकपाद्वारा प्रदेश सरकारमा मन्त्रालय बाँडफाँटको आधार तय



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच प्रदेश सरकारमा सहकार्य गर्ने सन्दर्भमा भएको तीन बुँदे सहमति कार्यान्वयन गर्न मन्त्रालय बाँडफाँटको प्रस्तावित आधार तय गरेको छ।

एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा हस्ताक्षरित विज्ञप्तिमा प्रदेश सरकार गठन गर्दा सम्बन्धित प्रदेशसभामा सामान्यतया प्रत्येक दलको सिट संख्यालाई मुख्य आधार मानिने जनाइएको छ।

मन्त्रालय बाँडफाँट गर्दा भने सामान्यतया दलहरूको प्रदेशसभा सदस्य स‍‍ङ्ख्याको अनुपातलाई आधार बनाइने प्रस्ताव गरिएको छ। मुख्यमन्त्री तथा सभामुखको जिम्मेवारीलाई समेत शक्ति सन्तुलनमा गणना गरिने उल्लेख छ।

मन्त्रालय बाँडफाँटमा पालैपालो प्राथमिकता दिने व्यवस्था अपनाइने प्रस्ताव छ। जसअनुसार पहिलो मन्त्रालय मुख्यमन्त्रीको जिम्मेवारी नलिने दलले छनोट गर्ने र दोस्रो मन्त्रालय मुख्यमन्त्री रहने दलले छनोट गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

त्यसपछि यही क्रम पालैपालो दोहोर्याउँदै सबै मन्त्रालयको बाँडफाँट गरिने दुई दलले जनाएका छन्। यही साउन ९ गते दुई दलबीच प्रदेश सरकारहरूको नेतृत्वका सम्बन्धमा शीर्ष तहमा सहमति भएको थियो। रासस

# 'जेनजी आन्दोलनमा १७९ निकायका स्रेस्ता जले'

काठमाण्डु। गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका १७९ निकायको स्रेस्ता जलेको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको मंगलबारको बैठकमा महालेखापरीक्षक तोयम रायले आन्दोलनमा स्रेस्ता क्षति भएका निकायको लेखापरीक्षण हुन नसकेको जानकारी दिनुभयो।

सह महालेखानियन्त्रक दीपक लामिछानेले जलेका निकायको गोश्वार भौचर सुरक्षित रहेकाले त्यसबाट स्रेस्ता कायम गर्न सकिने बताउनुभयो। ती निकायले आन्तरिक लेखापरीक्षण गरेर प्रतिवेदन दिएकाले त्यसबाट विषय खुल्ने उहाँले स्पष्ट पार्नुभयो। अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले मन्त्रालयअन्तर्गतको राजस्वको कुनै क्षति नभएको र कोष तथा नियन्त्रक कार्यालयको प्रणाली गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा सुरक्षित रहेको बताउनुभयो।

बैठकमा आन्दोलनका क्रममा स्रेस्ता नष्ट भई लेखापरीक्षण हुन नसकेका कार्यालयका अनियमिततालाई माफी नदिन सांसदहरूले आग्रह गर्नुभएको छ। सांसद गणेशसिंह ठगुन्नाले लेखापरीक्षण गर्न ती निकायले के पहल गरे त्यसको जानकारी समितिमा आउनुपर्ने बताउनुभयो।

सांसद प्रेमलाल चौधरीले जेनजी आन्दोलन राजनीतिक दुर्घटना भएकाले कानुनी रूपमै लेखापरीक्षण हुन नसकेको विषयलाई समाधान गर्न सकिने बताउनुभयो। कति निकायले १० दिनसम्मको राजश्व पनि बैङ्कमा दाखिला गरेको नपाइएकाले त्यसमा जिम्मेवारलाई भने कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।



पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनले गत वर्ष भदौ २३ र २४ गतेको घटना कानुनले भनेअनुसार प्राकृतिक प्रकोप र दुर्घटना दुवै नभएकाले यस विषयमा के गर्ने भनी सरकारले नै दृष्टिकोण अघि सार्नुपर्ने बताउनुभयो। सांसद खगेन्द्र सुनारले करिब डेढ खर्ब क्षति भएको विषयलाई हल्का छलफलका आधारमा छोड्नु नहुने बताउनुभयो। सांसद महेन्द्रबहादुर शाहीले स्रेस्ता जलेकामध्ये चालु र पुँजीगत कति, कति बजेट थिए भन्ने खोज्नुपर्ने बताउनुभयो।

सांसद विपीनकुमार आचार्यले सरकारी कार्यालयमा खरिदको दस्तावेज पनि हुने भएकाले खरिदसँग सम्बन्धित कम्पनी वा निकायसँग पनि त्यो सुरक्षित हुनसक्नेतर्फ पनि ध्यानाकर्षण गराउनुभयो। ती स्रोतबाट कागजात खोजी गर्न उहाँले सुझाव दिनुभयो। समिति सभापति भरतबहादुर खड्काले विधिअनुसार ती निकायको लेखापरीक्षण भएर आएपछि समितिमा छलफल हुने बताउनुभयो। रासस

# युवाको सहकार्यबाट राज्यको भविष्य निर्माण गर्नुपर्छ : मुख्य सचेतक बुर्लाकोटी

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका मुख्य सचेतक कवीन्द्र बुर्लाकोटी युवाको सहकार्यमा राज्यको भविष्य निर्माण गर्नुपर्ने धारणा राख्नुभएको छ।

आज प्रतिनिधिसभाको विशेष समयमा बोल्दै उहाँले अन्तरराष्ट्रिय युवा दिवसको विषयमा विचार राख्नुभएको थियो। यसै सन्दर्भमा उहाँले जेनजी आन्दोलनको पृष्ठभूमि युवा भएको स्मरण गर्दै नेपालको बदलिदो भविष्यका लागि युवा अपरिहार्य रहेको बताउनुभयो।

उहाँका अनुसार करिब ४३ प्रतिशत जनस‍‍ङ्ख्या रहेको युवाका मुद्दालाई राजनीतिकको मूलधारमा ल्याउनु आवश्यक रहेको बताउनुभयो। उहाँले सदनमा भन्नुभयो, "आजको युवा पुस्ताले केवल मतदान गरेर मात्रै होइन, पुरानो राजनीतिक संस्कृतिमाथि प्रश्न उठाएर परिवर्तनको ढोका खोलेको छ।"

मुख्य सचेतक बुर्लाकोटीले युवाको समस्या बेरोजगारी मात्रै नभई लागुऔषध, मानसिक स्वास्थ्य, तनाव परामर्शको अभाव, निराशा र भविष्यप्रतिको अनिश्चिततालगायत रहेको बताउनुभयो। यी समस्याको समाधान गर्न आफ्नो पार्टी संवेदनशील रहेको बताउनुभयो। रासस

प्रतिनिधिसभा शून्य समयः

# सांसदद्वारा जनसरोकारका विषयमा ध्यानाकर्षण

काठमाण्डु। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले सडक तथा पूर्वाधार, ग्यास आपूर्ति, रोजगारी, स्वास्थ्य, शिक्षा, सुशासन, विपद्, सामाजिक न्याय र सेवा प्रवाहसँग सम्बन्धित जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकको शून्य समयमा भाग लिनुहुने सांसदहरूले ग्यासको सहज आपूर्ति र कालोबजारी नियन्त्रण, रोजगारी सिर्जना, आर्थिक वृद्धि, वैदेशिक रोजगारमा हुने ठगी, विपद् तथा पुनःनिर्माण, सामाजिक विभेद तथा समावेशिता, भूमिहिनको समस्या, दूरसञ्चार तथा प्रविधि, अपराध नियन्त्रण र नागरिकको सहज पहुँचलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको हो।



उहाँहरूले युवा शक्तिको सदुपयोग गर्न, बालोबजारी नियन्त्रण गर्न, अलपत्र आयोजना अघि बढाउन, सार्वजनिक यातायात व्यवस्थापन गरी यात्रुलाई राहत दिन, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतासाथ सेवा प्रवाह गर्न, रेलमार्ग निर्माण प्रक्रियाअन्तर्गत रोकिएको मुआब्जा दिन, बहुप्रतिक्षित बुढीगण्डकी जलविद्युत ओयोजना र महाकाली आयोजनालाई तीव्रता दिन तथा कर्णालीका सडक संरचना निर्माणमा जोड दिन सरकारसँग अनुराध गर्नुभयो।

यसैगरी कपिलवस्तु नगरपालिकाका पूर्वमेयर किरण सिंहको मृत्युबारे छानबिन गर्न, 'आइभिएफ' सम्बन्धी कानुन ल्याउन, मधेसी तथा थारु समुदायमाथि हुनेगरेको दुर्व्यवहार अन्त्य गर्न, तीन तहका सरकारबीच समन्वय कायम देश र जनताका पक्षमा काम गर्न, कर्णाली क्षेत्रलाई पर्यटकीय हवका रुपमा विस्तार गर्न र सुशासन र सेवा प्रवाहलाई प्राथमिकता दिन उहाँहरूले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसदहरूले चन्द्रागिरिको बौद्धस्तूपका लागि बजेट व्यवस्था गर्न, रोजगारीको अवस्था सिर्जना गर्न, चिकित्सक पलायन हुने अवस्थाको अन्त्य गरी सरकारी र निजी अस्पतालमा दिइने पारिश्रमिक दररेट समान गर्न, सबै निर्वाचन क्षेत्रमा एकरुपताका साथ बजेट विनियोजन गर्न, वन्यजन्तु आतङ्क र डुबानको समस्या समाधान गर्न र जाजरकोट भूकम्पपछिको पुनःनिर्माणमा जोड दिन अनुरोध गर्नुभयो।

शून्य समयमा माग लिनुहुने सांसदहरूले विधिविज्ञान प्रयोगशालाको क्षमता विस्तार गर्न, वैदेशिक रोजगार र विद्यार्थी भिषामा हुने गरेको ठगी नियन्त्रण गर्न, वैदेशिक रोजगारीमा रहेका श्रमिकको समास्या समाधान गर्न, भूमिहिनलाई सट्टा जग्गा उपलब्ध गराउन, गुणस्तरीय सेवा नपुगेका नलगाडलगायतका क्षेत्रमा दूरसञ्चार क्षमता विस्तार गर्न, हेलो सरकारको प्रभावकारितामा जोड दिन र अपाङ्गता भएका, यौनिक अल्पस‍‍ङ्ख्यक तथा सीमान्तकृत समुदायको मागलाई प्राथमिकता दिई सम्बोधन गर्न सम्बर्न्धित पक्षको ध्यानाकर्षण गराउनुभयो।

यसैगरी, सुनसरी घटनाको निष्पक्ष छानबिन गर्न, भक्तपुरस्थित सुधारगृहमा भएको हत्या प्रकरणको छानबिनसहित सुधारगृहको सुरक्षा कदम चाल्न, सिंहदरबारभित्र आमजनताको पहुँच बढाउन, मधेस प्रदेशमा सर्पदंशका लागि 'एन्टिभेनम'को पर्याप्त व्यवस्था गर्न र सर्वशुलभ रुपमा ग्यासको व्यवस्था गर्न, सुशासन, पारदर्शितासहित जनमुखी नीति तथा कार्यक्रमसहित देश र जनताका पक्षमा देखिने गरी काम गर्न सरकारसँग उहाँहरूले अनुरोध गर्नुभयो।

आजको शून्य समयमा सांसदहरू डा अचुतम लामिछाने, अनुष्का श्रेष्ठ, अभिषेकप्रताप शाह, अफसना बानु, अरबिन्द साह, अर्जुननरसिंह केसी, आकृति अवस्थी, आरेन राई, आशिष गजुरेल, इन्दिरा रानामगर, एलिजा गुरुङ, यशोदाकुमारी बराल, ओजस्वी शेरचन, अङ्किता ठाकुर, कमल सुवेदी, करिश्मा कठरिया, कामिनी कुमारी, कालीबहादुर सहकारी, कुलभक्त शाक्य, कुसुम महर्जन र कोमल ज्ञवालीले भाग लिनुभएको थियो।

यसैगरी, क्रान्तिशिखा धिताल, खगेन्द्र सुनार, खड्कबहादुर बुढा, खड्ग शाही, खुस्बु ओली, खेमराज कोइराला, गणेश कार्की, गणेश धिमाल, गणेश पौडेल, खिमा विक, गणेश विक, गणेशसिंह ठगुन्ना, गीता गुरुङ, गीताकुमारी सेन्दाङ, गोविन्द पन्थी, गङ्गा छन्त्याल, गङ्गादेवी श्रेष्ठ, गङ्गालक्ष्मी अवाल, चन्दनकुमार सिंह, चन्देश्वर मण्डललगायतका सांसदले आआफ्नो निर्वाचन क्षेत्रका समस्यासहित समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। रासस

प्रतिनिधिसभा विशेष समयः

# जनसरोकारको विषयमा चासो

काठमाण्डु। प्रतिनिधिसभामा सांसदले पर्वतारोहणका समस्या, श्रमिकको भोगाइदेखि जनसरोकारका विभिन्न विषयमा सरकारको ध्यानार्कषण गराउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा बोल्दै उहाँहरूले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, वैदेशीक रोजगार, बजार अनुगमनलगायत विषयमा ध्यानार्कषण गराउनुभएको हो।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शोभा खनालले पर्यटन व्यवसायलाई व्यवस्थीत गर्नुको साथै नेपालमा अन्तरराष्ट्रियस्तरको पर्वतारोहण एकेडेमी स्थापना गर्न सरकार समक्ष माग गर्नुभयो।

नेपाली कांग्रेसका सांसद सन्तोष सुब्बाले संसदका कामकारवाहीलाई प्रभावकारी बनाउने विषयमा जोड दिनुभयो। उहाँले प्रधानमन्त्री संसद्प्रति जवाफदेही हुनुपर्ने माग गर्नुभयो। नेकपा (एमाले)का सांसद छितिज थेवेले वैदेशीक रोजगारमा श्रमिकले भोग्नु परेका समस्याका बारेमा जानकारी गराउँदै हाल बजारमा देखिएको ग्यास अभाव बारेमा सरकारको ध्यानार्कषण गराउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका सांसद रमेशकुमार मल्लले भारतमा रहेका नेपालीका गुनासो सुनवाइका लागि चौविस घण्टा सञ्चालन हुने प्रभावकालीन सहायता संयन्त्र निर्माण गर्न माग गर्नुभयो। श्रम संस्कृति पार्टीका सांसद पूर्णप्रसाद लिम्बुले पर्वतारोही निर्मल पुर्जालाई राष्ट्रिय विभूति घोषणा गर्न सरकार समक्ष आग्रह गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्वु ओलीले नेपाली कार्पेट, धागो र कार्पेट कारखानामा काम गर्ने श्रमिकले भोग्नुपरेको शारिरिक, मौखिक र मानसिक शोषणबाट पीडित भएको घटना सुनाउँदै श्रम निरिक्षण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

रास्वपाका सांसद प्रमिला कुलुजुले सिन्धुपाल्चोकको जोखिमपुर्ण खानी बस्तीको व्यवस्थापन गर्न माग गर्नुभयो। काङ्ग्रेसका सांसद शाहजान खातुनले चिकित्सक, नर्स र स्वास्थ्यकर्मीको कार्य क्षेत्र सुरक्षित र मर्यादित बनाउन आग्रह गर्नुभयो।

एमालेका सांसद लक्ष्मीप्रसाद पोखरेलले देश व्यापी रूपमा ग्यास अभाव बढेको बताउँदै सरकारले समाधानका लागि प्रभावकारी काम गर्नुपर्ने बताउनुभयो। नेपाली कम्युनिष्ट पार्टीका सांसद निराशा चौधरी (डगौरा)ले मुक्त कमैयाको पुनःस्थापनाकार्यमा जोड दिन आग्रह गर्नुभयो। रास्वपाका सांसद केपी खनालले कर्णाली र सुदुरपश्चिमको विकास समृद्धिका लागि काम गर्न माग गर्नुभयो। कांग्रेसका हरिनादेवी कामीले डडेलधुराको पूर्वाधार विकासको अवस्थाबारे जानकारी गराउँदै दिगो व्यवस्थापनका लागि काम गर्नुपर्ने बताउनुभयो।

रास्वपाका सांसद जनकसिंह धामीले सीमा क्षेत्र व्यवस्थापनबारे सरकारले विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो। कांग्रेसका सांसद रेखाकुमारी यादवले नागरिकका दैनिक आवश्यकताका विषयमा संबोधन गर्न आग्रह गर्नुभयो।

रास्वपाका नरेन्द्र साह कलवारले सरकारले शिक्षा, स्वास्थ्य, कृषि, व्यवसायलगायत क्षेत्रमा जनभावना अनुरूप सेवा प्रदान गर्नु प्रमुख दायित्व हुनुपर्ने सुनाउनुभयो। रास्वपाका सांसद ज्ञानेन्द्रसिंह महताले दुई पाङ्ग्रे विद्युतीय सवारी साधनको दर्ता प्रक्रिया व्यवस्थीत गर्न सरकार समक्ष माग गर्नुभयो।

बैठकमा सांसद माधवबहादुर थापा, पुष्पाकुमारी चौधरी, बुद्धिप्रसाद पन्थ, हरिमोहन भण्डारी, विक्रम थापा, अशोककुमार चौधरी, सोम शर्मा, धर्मराज केसी, मधुकुमार चौलागाईलगायतले समसामयिक विषयमा धारणा राख्नुभएको थियो। रासस

# मन्त्री बादी र राजदूत अर्न्स्टबीच शिष्टाचार भेट



काठमाण्डु। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्टले आज मन्त्रालयमा शिष्टाचार भेट गर्नुभएको छ।

भेटमा उहाँहरुबीच नेपाल-अष्ट्रेलियाबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ र परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

आज मन्त्रालयमा महिला सशक्तीकरण, बाल अधिकार तथा संरक्षण, अपाङ्गता समावेशीकरण, सामाजिक सुरक्षा, हेरचाह अर्थतन्त्र (केयर इकोनोमी), मानव संसाधन विकास तथा नीतिगत अनुभव आदानप्रदानका छलफल भएको थियो।

मन्त्री बादीले नेपाल र अष्ट्रेलियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै मैत्रीपूर्ण र सौहार्दपूर्ण सम्बन्ध रहँदै आएको उल्लेख गर्दै आगामी दिनमा आपसी सहकार्यलाई थप परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले शिक्षा, मानव विकास, सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा अष्ट्रेलियाले नेपाललाई गर्दै आएको विकास सहयोगप्रति धन्यवाद व्यक्त गर्नुभयो।

त्यसैगरी, अष्ट्रेलियाको छात्रवृत्ति कार्यक्रममार्फत नेपाली विद्यार्थी, अनुसन्धानकर्ता, विभिन्न क्षेत्रका पेसाकर्मी तथा सरकारी कर्मचारीको ज्ञान, सीप र व्यावसायिक क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको बताउँदै मन्त्री बादीले यसबाट नीति निर्माण, कार्यान्वयन तथा सार्वजनिक सेवा प्रवाहमा समेत सकारात्मक प्रभाव परेको उल्लेख गर्नुभयो।

त्यस्तै, सामाजिक सुरक्षा र हेरचाह अर्थतन्त्रबीचको अन्तरसम्बन्धका विषयमा चर्चा गर्दै मन्त्री बादीले महिलाले घरायसी तथा हेरचाहका क्षेत्रमा गर्दै आएको योगदानलाई आर्थिक रूपमा पहिचान र मूल्याङ्कन गर्न आवश्यक रहेको बताउनुभयो।

मन्त्री बादीले आगामी दिनमा नेपाल-अष्ट्रेलिया सम्बन्धलाई विकास सहयोगमा मात्र सीमित नराखी प्रविधि तथा नीतिगत अनुभव हस्तान्तरण, संस्थागत क्षमता विकास र जनस्तरको सम्बन्ध विस्तारसहितको पारस्परिक साझेदारीका रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

भेटका क्रममा राजदूत अर्न्स्टले नेपाल-अष्ट्रेलियाबीचको विद्यमान सहकार्यको महत्व उल्लेख गर्दै आपसी हित र प्राथमिकताका क्षेत्रमा सहकार्यलाई थप प्रभावकारी बनाउँदै लैजान सकारात्मक धारणा व्यक्त गर्नुभएको थियो। रासस

# सभामुख अर्यालसँग नेपालका लागि अष्ट्रेलियाका राजदूतको शिष्टाचार भेट

काठमाण्डु। सभामुख डोल प्रसाद (डीपी) अर्यालसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्टले आज शिष्टाचार भेट गर्नुभएको छ। सङ्घीय संसद्, प्रतिनिधिसभाका सभामुखको कार्यकक्षमा भएको भेटवार्तामा नेपाल-अष्ट्रेलिया सम्बन्ध, संसदीय सहकार्य, जनस्तरीय सम्बन्ध तथा आपसी हितका विविध विषयमा छलफल भएको थियो।

भेटवार्तामा सभामुख अर्यालले सङ्घीय संसद्ले नेपाल-अष्ट्रेलिया संसदीयमैत्री समूह गठन गरेको जानकारी गराउँदै संसदीयमैत्री समूहलाई प्रभावकारी रूपमा परिचालन गरी दुवै देशका सांसदबीच नियमित आदानप्रदान र संस्थागत संलग्नता बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले साझा हितका क्षेत्रमा सहकार्य विस्तार तथा पारस्परिक समझदारी अभिवृद्धिका लागि संसदमैत्री समूहले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

सभामुख अर्यालले नेपालको सामाजिक-आर्थिक विकासमा अष्ट्रेलिया सरकारले लामो समयदेखि पुर्‍याउँदै आएको सहयोगको प्रशंसा गर्दै विशेषगरी अष्ट्रेलिया अवार्ड स्कलरसिप, क्षमता अभिवृद्धि तथा तालिमका अवसरमार्फत नेपालको मानवसंशाधन विकासमा अष्ट्रेलियाले पुर्‍याएको योगदानप्रति आभार व्यक्त गर्नुभयो।



भेटमा जनस्तरीय सम्बन्धलाई दुई देशबीचको सम्बन्धको महत्त्वपूर्ण आधारका रूपमा उल्लेख गर्दै सभामुख अर्यालले उच्च शिक्षाका लागि अष्ट्रेलिया नेपाली विद्यार्थीको प्रमुख गन्तव्य रहेको बताउनुभयो।

साथै, अष्ट्रेलियामा अध्ययनरत नेपाली विद्यार्थी तथा त्यहाँ बसोबास गर्ने नेपाली समुदायले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्नुभयो। भेटमा सभामुख अर्यालले राजदूतमार्फत अष्ट्रेलियाको प्रतिनिधिसभाका सभामुख मिल्टन डिकप्रति हार्दिक अभिवादन तथा शुभकामना व्यक्त गर्नुभयो।

भेटवार्तामा राजदूत साइमन अर्न्स्टले नेपाल-अष्ट्रेलिया सम्बन्धलाई थप सुदृढ बनाउन संसदीय तहको सहकार्य तथा जनस्तरीय सम्बन्धको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभएको थियो। उहाँले नेपाल र अष्ट्रेलियाबीच शिक्षा, मानव संसाधन विकास, संसदीय सहकार्यलगायत क्षेत्रमा हुँदै आएको सहकार्यलाई आगामी दिनमा थप विस्तार गर्न निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस

# सोमालियाका विस्थापित शिविरमा बाल कुपोषण बढ्दै



एएफपी। दक्षिण-पश्चिम सोमालियाको बाइदोआस्थित विस्थापित शिविरमा रहेका बालबालिकामा कुपोषणको अवस्था भयावह बन्दै गएको 'डाक्टर्स विदाउट बोर्डर्स' (एमएसएफ)ले जनाएको छ।

एमएसएफका अनुसार जनवरीयता बाइदोआमा पाँच वर्षमुनिका २१ हजारभन्दा बढी बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा करिब ५० प्रतिशतमा कुपोषण देखिएको संस्थाले जनाएको छ।

दक्षिण-पश्चिमी बाइदोआका १४ विस्थापित शिविरका ८८८ घरपरिवारमा जुलाईमा गरिएको सर्वेक्षणमा केवल दुई प्रतिशत परिवारले मात्र दैनिक तीन छाक खान पाउने अवस्था रहेको पाइएको थियो।

एमएसएफका चिकित्सा संयोजक मिचेल साङमाले बाइदोआमा गम्भीर मानवीय सङ्कट उत्पन्न भएको बताउनुभयो। उहाँका अनुसार जनवरीयता कुपोषित बालबालिकालाई स्वास्थ्य संस्थामा भर्ना गर्ने क्रम उल्लेख्य रूपमा बढेको छ।

एमएसएफले कुपोषित बालबालिकाको उपचारका लागि आफ्नो स्वास्थ्य केन्द्रको क्षमता जुनमा ५० शय्याबाट बढाएर १२० पुर्याएको जनाएको छ। साङमाका अनुसार स्वास्थ्य केन्द्रको आकस्मिक कक्ष, बालरोग तथा पोषण वार्डलगायतका स्थान कुपोषित बालबालिकाले भरिएका छन्।

साङमालेकरिब ९० प्रतिशत बालबालिकामा गम्भीर स्वास्थ्य जटिलता देखिएको बताउनुभयो। उपचारपछि पुनः कुपोषित भएर स्वास्थ्य केन्द्रमा फर्किने बालबालिकाको सङ्ख्या पनि उच्च रहेको एमएसएफले जनाएको छ।

एमएसएफका महामारी रोग विशेषज्ञ चेनोआ शङ्करका अनुसार संस्थाको सहयोगमा सञ्चालित कार्यक्रममा उपचारपछि पुनः भर्ना हुने बालबालिकाको दर ६० प्रतिशतभन्दा बढी छ। पोषण अभावका मूल कारण सम्बोधन हुन नसक्दा उपचारपछि पनि बालबालिका पुनः स्वास्थ्य समस्या लिएर फर्किने गरेको उहाँले बताउनुभयो।

विश्वव्यापी मानवीय सहायता कोषमा आएको कमीले सोमालियाको अवस्था थप जटिल बनाएको एमएसएफले जनाएको छ। संस्थाका अनुसार सन् २०२६ को सोमालियाको मानवीय सहायता योजनामा ४० प्रतिशत कटौती गरिएको छ भने जुलाईसम्म आवश्यक रकमको एक तिहाइभन्दा कम मात्र जुटेको छ।

यसका कारण एमएसएफ तथा अन्य गैरसरकारी संस्थाले कुपोषण रोकथामका कार्यक्रमभन्दा जीवनरक्षाका कार्यक्रमलाई प्राथमिकता दिनुपरेको जनाइएको छ।


संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२६ को पहिलो तीन महिनामा सोमालियामा पाँच लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। तीमध्ये करिब ९० प्रतिशत विस्थापनको मुख्य कारण खडेरी रहेको राष्ट्रसङ्घले जनाएको छ।

सोमालिया जलवायु परिवर्तनको उच्च जोखिममा रहेका मुलुकमध्ये एक हो। वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण खडेरीजस्ता चरम मौसमी घटना अझ बारम्बार र तीव्र बन्दै गएका छन्।

अन्तरराष्ट्रिय सहयोग तथा मानवीय सहायता कोषमा आएको कमीका साथै देशमा असुरक्षा पनि बढेको छ। यसले अल-शबाबविरुद्ध लामो समयदेखि जारी सुरक्षा कारबाही तथा मानवीय सहायता वितरणमा चुनौती थपेको छ।

गत जुनमा संयुक्त राष्ट्रसङ्घ समर्थित विज्ञहरूले सोमालियाका करिब एक तिहाइ जनसङ्ख्या खाद्य असुरक्षाको सामना गरिरहेको बताएका थिए। लामो समयदेखि द्वन्द्व र अस्थिरताको सामना गरिरहेको सोमालियामा पछिल्ला वर्षकै गम्भीर खडेरी परेको छ।

# इन्फान्टिनोलाई हटाउनु ठूलो गल्ती हुने ट्रम्पको चेतावनी



एजेन्सी। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फिफा अध्यक्ष जियानी इन्फान्टिनोलाई पदबाट हटाउने प्रयास गरिए त्यो 'ठूलो गल्ती' हुने बताएका छन्।

इन्फान्टिनोमाथिविश्वफुटबलका प्रमुख क्षेत्रीय महासंघहरूको दबाब बढिरहेका बेला ट्रम्पले उनको पक्षमा सार्वजनिक रूपमा समर्थन जनाएका हुन्।

युइएफए, उत्तर तथा मध्य अमेरिका र क्यारेबियन क्षेत्रको फुटबल महासंघ (कोन्काकाफ) तथा एसियाली फुटबल महासंघ (एएफसी) ले केही दिनअघि संयुक्त रूपमा खुला पत्र जारी गर्दै इन्फान्टिनोमाथि विश्वास तोडेको आरोप लगाएका थिए।

फिफाको 'फिफा फर्वार्ड इन्टरप्राइज' (एफएफई) नामक विवादास्पद योजनाका कारण पछिल्लो विवाद चर्किएको हो।

उक्त योजनाअन्तर्गत विश्वकपलगायत फिफाका सबै प्रतियोगिताको व्यावसायिक तथा टिकट बिक्रीसम्बन्धी अधिकार व्यवस्थापन गर्न छुट्टै कम्पनी स्थापना गर्ने प्रस्ताव गरिएको थियो। प्रस्तावित कम्पनीको २१ प्रतिशत हिस्सा निजी लगानीकर्तालाई बिक्री गर्ने योजना थियो।

ट्रम्पले सामाजिक सञ्जालमार्फत इन्फान्टिनोको बचाउ गर्दै फिफाले उनलाई हटाउनेबारे सोच्नु पनि ठूलो गल्ती हुने बताएका छन्।

उनले इन्फान्टिनोलाई उत्कृष्ट अध्यक्षको संज्ञा दिँदै उनको नेतृत्वमा हालसम्मकै सबैभन्दा सफल विश्वकप आयोजना भएको दाबी गरेका छन्। इन्फान्टिनो पदमा नरहे आगामी विश्वकप त्यति सफल र व्यावसायिक रूपमा लाभदायक नहुने ट्रम्पको भनाइ छ।

सन् २०२६ को विश्वकप अमेरिका, क्यानडा र मेक्सिकोमा आयोजना भएको थियो। उक्त विश्वकपको उपाधि अर्जेन्टिनालाई पराजित गर्दै स्पेनले जितेको थियो।

एफएफई योजनालाई लिएर ट्रम्पले यसअघि आफूले इन्फान्टिनोसँग कुनै छलफल नगरेको बताएका थिए। तर अहिले भने उनले पहिलोपटक यस विषयमा इन्फान्टिनोको पक्षमा खुलेर समर्थन गरेका हुन्।

इन्फान्टिनोविरुद्ध युइएफए, कोन्काकाफ र एएफसीको संयुक्त दबाबले फिफाभित्रको विवाद थप गम्भीर बनेको छ।

युइएफएले फिफाका प्रतियोगिता बहिष्कार गर्ने सम्भावनासमेत औंल्याएको छ। असफल भएको एफएफई योजनालाई लिएर कानुनी बाटो अपनाउन सक्ने चेतावनी पनि युइएफएले दिएको छ।

इन्फान्टिनो फिफा अध्यक्षकै रूपमा रहिरहेमा छुट्टै अन्तरराष्ट्रिय प्रतियोगिता आयोजना गर्नेसम्भावनाबारेतीनमहासंघबीच प्रारम्भिक छलफलसमेत भएको छ। यद्यपि, यस विषयमा औपचारिक वा विस्तृत वार्ता भने सुरु भइसकेको छैन।

तीन महासंघले जारी गरेको संयुक्त पत्रमा कुनै व्यक्तिले आफूलाई संस्थाभन्दा माथि राखेमा उसलाई सुम्पिएको जिम्मेवारी त्यागेको अर्थ लाग्ने उल्लेख गरिएको थियो।

पत्रमा इन्फान्टिनोको नाम प्रत्यक्ष रूपमा उल्लेख नगरिए पनि यसको संकेत उनीतर्फ नै रहेको बताइएको छ।

उक्त पत्रलाई इन्फान्टिनोलाई सम्मानपूर्वक पदबाट अलग हुनका लागि दिइएको अवसरका रूपमा पनि बुझिएको छ।

## फिलिपिन्समा भारी वर्षाका कारण १९ जनाको मृत्यु



एएफपी। उष्णकटिबन्धीय चक्रवात लुइस र मेमेका साथै दक्षिणपश्चिम क्षेत्रमा मनसुनले निम्त्याएको भारी वर्षाका कारण १९ जनाको मृत्यु हुनुका साथै अन्य १५ जना घाइते भएको फिलिपिन्स सरकारले मङ्गलबार जनाएको छ। सरकारका अनुसार चार जना अझै बेपत्ता रहेका छन्।

फिलिपिन्स राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् (एनडिआरआरएमसी) ले मङ्गलबार आएको भारी वर्षाका कारण पहिरो जाँदा विभिन्न स्थानमा हताहत भएको भएको बताएको छ। एनडिआरआरएमसीका अनुसार बेङ्गुएट प्रान्तमा सबैभन्दा बढी १२ जनाको मृत्यु भएको छ भने रिजालमा चार र बटाङ्गासमा तीन जनाको मृत्यु भएको छ।

देशका ११ वटा क्षेत्रका करिब २२ लाख ७० हजार मानिस प्रभावित भएको एनडिआरआरएमसीले जनाएको छ। करिब ९५ हजार मानिसलाई सुरक्षित आश्रय दिनका लागि ९०० भन्दा बढी सहयोगी केन्द्रहरू स्थापना गरिएको छ।

एनडिआरआरएमसीका अनुसार फिलिपिन्स सरकारले प्रभावितहरुलाई सात करोड ३० लाखभन्दा बढी सहयोग प्रदान गरिसकेको छ।

# पूर्वराष्ट्रपति असदसहित सात अधिकारीलाई सिरियामा मृत्युदण्ड



एएफपी। सिरियाली अदालतले पूर्वराष्ट्रपति बशर अल-असदलाई मृत्युदण्डको सजाय सुनाएको छ। अदालतले मङ्गलबार असदको अनुपस्थितिमा सुनुवाइ गर्दै करिब १४ वर्ष लामो गृहयुद्धका क्रममा भएका अत्याचारमा दोषी ठहर गरेको हो।

डिसेम्बर २०२४ मा उहाँ सत्ताच्युत भएपछि गठन भएको अन्तरिम सरकारअन्तर्गत असद शासनकालमा भएका अपराधका लागि सुनाइएको यो पहिलो ठूलो फैसला हो। अन्तरिम नेतृत्वले ती अपराधमा न्याय र जवाफदेहिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै आएको छ।

इस्लामवादी नेतृत्वको विद्रोही समूहले तीव्र आक्रमण गर्दै दमास्कसतर्फ अघि बढेपछि असद सिरियाबाट भागेर रुस पुग्नुभएको थियो।

दमास्कसस्थित अदालतका न्यायाधीश फखर अल-दिन अल-आर्यनको इजलासले असदलाई विभिन्न अपराधमा दोषी ठहर गरेको हो। ती अपराधमा पूर्वनियोजित हत्या, एकभन्दा बढी व्यक्तिको जानाजान हत्या, १५ वर्षमुनिका बालबालिकाको हत्या, यातना, यातनाका कारण मृत्यु तथा गैरकानुनी रूपमा पटक-पटक स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य छन्।

अदालतले यीकार्यलाई मानवताविरुद्धको अपराध तथा युद्ध अपराधका रूपमा वर्गीकरण गरेको छ।

"तसर्थ, असदलाई मृत्युदण्डको सजाय सुनाइन्छ," न्यायाधीश आर्यनले फैसला सुनाउँदै भन्नुभयो।

सिरियाले गत अप्रिलमा असदसहित पूर्वसत्ताका अधिकारीविरुद्ध कानुनी कारबाही अघि बढाएको थियो। सन् २०११ मा प्रजातन्त्र पक्षधर प्रदर्शनकारीमाथि तत्कालीन सरकारले गरेको दमनपछि सिरियामा गृहयुद्ध सुरु भएको थियो। संयुक्त राष्ट्रसङ्घ तथा अन्य निकायका अनुमानअनुसार उक्त द्वन्द्वमा पाँच लाखभन्दा बढी मानिसको मृत्यु भएको छ। लाखौँ मानिस विस्थापित भएका छन् भने हजारौँ बेपत्ता भएका छन्। तीमध्ये धेरैजसो सरकारी हिरासत तथा जेलमा बेपत्ता भएको बताइन्छ।

अदालतले असदका भाइ माहेर अल-असदसहित अन्य छ पूर्वसैन्य तथा सुरक्षा अधिकारीलाई पनि अनुपस्थितिमा मृत्युदण्ड सुनाएको छ। माहेरले सिरियाली सेनाको शक्तिशाली चौथो डिभिजनको नेतृत्व गर्नुभएको थियो। उहाँ पनि भागेर देशबाहिर पुग्नुभएको छ।

दोषी ठहर हुने अन्यमा पूर्वरक्षामन्त्री फहद अल-फ्रेज र सन् २०११ मा दारा प्रान्तको सैन्य गुप्तचर निकायका प्रमुख रहेका लुए अल-अली हुनुहुन्छ। अदालतले उहाँहरूलाई हत्या, हत्याका लागि उक्साउने, मृत्यु हुने गरी यातना दिने तथा पटक-पटक गैरकानुनी रूपमा स्वतन्त्रताबाट वञ्चित गर्ने अपराधमा दोषी ठहर गरेको छ। यी कार्यलाई पनि मानवताविरुद्धको अपराध तथा युद्ध अपराधका रूपमा वर्गीकरण गरिएको छ।

पूर्वसुरक्षा अधिकारी आतिफ नजिबलाई पनि मानवताविरुद्धको अपराधमा मृत्युदण्ड सुनाइएको छ। सन् २०११ मा जनविद्रोह सुरु भएको दारा प्रान्तमा राजनीतिक सुरक्षा प्रमुख रहेका नजिबलाई गत वर्ष जनवरीमा पक्राउ गरिएको थियो।

नजिब असदका नातेदारसमेत हुनुहुन्छ। अदालतले उहाँलाई हत्या, १५ वर्षमुनिका बालबालिकाको जानाजान हत्या तथा मृत्यु हुने गरी यातना दिएको अभियोगमा दोषी ठहर गरेको हो।

सन् २०११ को मार्चमा दारामा १५ जना विद्यार्थीलाई सरकारविरोधी नारा लेखेको आरोपमा पक्राउ गरेपछि सिरियामा जनविद्रोह सुरु भएको थियो। स्थानीय बासिन्दाका अनुसार विद्यार्थीलाई यातना दिइएपछि उनीहरूको रिहाइको माग गर्दै प्रदर्शन सुरु भएको थियो।

सुरक्षाकर्मीले प्रदर्शन दबाउन बल प्रयोग गरेपछि आन्दोलन देशका अन्य भागमा पनि फैलिएको थियो। त्यसपछि नजिबलाई पदबाट हटाइएको थियो। न्यायाधीश आर्यनका अनुसार नजिबले आफूमाथिका आरोप अस्वीकार गर्नुभएको थियो। उहाँले आफ्नाकार्यप्रति कुनै पश्चात्तापसमेत व्यक्त गर्नुभएको थिएन्।

असदले आफ्ना पिता हाफेज अल-असदको निधनपछि सन् २००० मा सिरियाको राष्ट्रपतिको पद सम्हाल्नुभएको थियो।

# ग्वार्डिओलाको उत्तराधिकारी बन्नु चुनौतीपूर्ण



एजेन्सी। म्यानचेस्टर सिटीका नयाँ प्रशिक्षक एन्जो मारेस्काले पेप ग्वार्डिओलाको स्थान लिनु ठूलो चुनौती भए पनि आफ्नो करिअरकै विशेष अवसर भएको बताएका छन्।

ग्वार्डिओलाको नेतृत्वमा सिटीले १७ प्रमुख उपाधि जितेपछि गत सिजनको अन्त्यमा उनले क्लब छाडेका थिए। ग्वार्डिओलाको स्थानमा आएका मारेस्का यसअघि सिटीमै उनको सहायकका रूपमा काम गरिसकेका छन्।

सन् २०२२-२३ को सिजनमा सिटीले प्रिमियर लिग, एफए कप र च्याम्पियन्स लिग जितेर ऐतिहासिक ट्रेबल पूरा गर्दा मारेस्का ग्वार्डिओलाको प्रशिक्षण टोलीमा थिए।

सिटीमा आफ्नो पहिलो प्रि-सिजन पूरा गर्ने क्रममा दक्षिण कोरियामा सञ्चारमाध्यमसँग कुरा गर्दै मारेस्काले ग्वार्डिओलासँग तुलना हुनु स्वाभाविक भए पनि त्यसले आफूलाई दबाबमा नपार्ने बताए।

मारेस्काले ग्वार्डिओलालाई पछिल्ला १५-२० वर्षकै विश्वकै उत्कृष्ट प्रशिक्षकको संज्ञा दिए।

सिटीको प्रशिक्षक बन्नुअघि मारेस्काले बार्सिलोनामा ग्वार्डिओलासँग भेट गरेका थिए। सिटीमा लामो समय बिताएका ग्वार्डिओलासँग क्लब र टोलीबारे छलफल गर्नु उपयोगी भएको उनले बताए।

ग्वार्डिओलाको प्रभाव भने क्लबमा अझै देखिन्छ। मारेस्काले सिटीको मुख्यालयमा पूर्व सहायक प्रशिक्षक पेप लिन्डर्सको कार्यालय प्रयोग गरिरहेका छन्, जुन ग्वार्डिओलाको पुरानो कार्यालयकै छेउमा छ। ग्वार्डिओलाको पुरानो कार्यालयलाई भने बैठक कक्षमा परिणत गरिएको छ।

मारेस्काका अनुसार आफू ग्वार्डिओलाको सहायक रहँदाको समयभन्दा अहिलेको प्रिमियर लिगमा सेट-पिसको प्रभाव निकै बढेको छ।

गत सिजन आर्सनलले सेट-पिसबाट २५ गोल गरेको थियो। त्यसमध्ये १९ गोल कर्नरबाट आएका थिए। सिटीले पनि सेट-पिसमा सुधार गर्नुपर्ने आवश्यकता रहेको मारेस्काले बताए।

तर प्रिमियर लिगको खेल शैलीमा परिवर्तन आए पनि उनी यसलाई अझै विश्वकै उत्कृष्ट घरेलु लिग मान्छन्।

बर्नार्डो सिल्भाले क्लब छाडेपछि सिटीले नयाँ कप्तान चयन गर्नुपर्नेछ। मारेस्काले नयाँ कप्तान आफूले छनोट गर्ने र नेतृत्व समूहमा घरेलु खेलाडीलाई पनि समावेश गर्न चाहेको बताएका छन्।

हाल नेतृत्व समूहमा रुबेन डियास, एर्लिङ हालान्ड र रोड्री रहेका छन्। हालान्ड कप्तान बन्न सक्ने सम्भावनाबारे सोधिएको प्रश्नमा मारेस्काले ठट्टा गर्दै आफूलाई केही समस्या पर्न सक्ने बताए।

उनका अनुसार प्रशिक्षकका रूपमा उनको नियमअनुसार टोलीले गोल गरेपछि कप्तान निर्देशन लिन बेन्चमा आउनुपर्छ।

सिटीको नयाँ कप्तानसँगै रोड्रीको भविष्य र आर्सनलविरुद्ध हुने कम्युनिटी शिल्डका लागि सुरुआती टोली चयन पनि मारेस्काका प्रमुख निर्णय बन्नेछन्।

ग्वार्डिओलापछि विश्वकै चर्चित क्लबमध्ये एकको जिम्मेवारी सम्हालेका मारेस्काका लागि नयाँ सिजन आफ्नो प्रशिक्षण करिअरकै सबैभन्दा ठूलो परीक्षामध्ये एक हुनेछ।

# इन्डोनेसियाको जङ्गलमा लागेको आगलागीका कारण विद्यालय बन्द



एएफपी। एल निनोका कारण लामो र तीव्र सुक्खा मौसमको सुरुमा द्वीपसमूहमा फैलिएको डढेलोले फैलिएको विषाक्त धुवाँबाट दर्जनौँ इन्डोनेसियाली विद्यालयहरू मङ्गलबार पनि दोस्रो दिनको लागि बन्द गरिएको जनाइएको छ।

इन्डोनेसियाले मलेसिया र ब्रुनाईसँग साझेदारी गरेको बोर्नियो टापुको पश्चिम कालिमान्टनमा पोन्टियानाकका मेयरले अन्य ठाउँमा भएको आगलागीका कारण सहरमा विषाक्त धुवाँ फैलिएको कारण विद्यालयहरू बन्द गर्ने आदेश दिएको जनाइएको छ।

हावाको गुणस्तर खराब हुँदासम्म बालबालिकाले घरबाट नै सिक्ने व्यवस्था गरिएको मेयर एडी रुस्दी काम्टोनोले विज्ञप्तिमार्फत बताउनुभयो। कति विद्यालयले प्रभावित भए पनि यसबारे सूचना प्रवाह नगरेको बताउँदै पोन्टियानाक सहरलाई धुवाँले ढाकेको महसुस गर्न थालेको बताइएको छ।

जाभा टापुमा अग्नि नियन्त्रकहरूले गत हप्ता लागेको आगोमा ९०० हेक्टर क्षेत्र प्रभावित भएको र राष्ट्रिय निकुञ्जमा नवौँ दिनपछि मात्र आगो नियन्त्रणमा लिएको जनाइएको छ।

आगलागीका कारण प्रमुख पर्यटकीय आकर्षणको केन्द्र ब्रोमो टेङ्गर सेमेरु राष्ट्रिय निकुञ्ज शनिबारदेखि आगन्तुकहरूका लागि बन्द गरिएको जनाइएको छ भने ५० हजार अग्नि नियन्त्रकहरूलाई तैनाथ गरी डढेलो नियन्त्रण गरिएको उल्लेख गरिएको छ।

इन्डोनेसियाले यसवर्ष एल निनो मौसमी घटनाका कारण खडेरी र डढेलोको उच्च जोखिमका साथ असामान्य रूपमा कठिन सुक्खा मौसमको सामना गर्ने पूर्वानुमान गरिएको बीएमकेजी मौसम विज्ञान विभागले जनाएको छ।

यस वर्ष अहिलेसम्म देशव्यापी रूपमा एक लाख सात हजार हेक्टरभन्दा बढी जमिन आगलागीका कारण प्रभावित भएको जनाइएको छ।

देशव्यापीरूपमा फैलिएको आगलागीका बाबजुद अधिकारीहरूले खाद्यान्नको पर्याप्त भण्डार रहेको कुरामा जोड दिएका छन्।

गत जुलाईमा पूर्वी जाभाको ब्रोमो पार्कमा लागेको आगलागीले मङ्गलबार बिहानसम्म लगभग ९०० हेक्टरभन्दा बढी जमिन क्षतिग्रस्त बनाएको जनाएको छ। यो एक हजार २०० भन्दा बढी फुटबल मैदान र पार्क क्षेत्रको लगभग दुई प्रतिशत बराबर क्षेत्रफल रहेको जनाइएको छ।

स्थानीय विपद् अधिकारी सत्रियो नर्सेनोलाई उद्धृत गर्दै एएफपीले यस क्षेत्रलाई चिस्याउन र आगो नियन्त्रण गर्न सक्दो प्रयास गरिरहेको र उपलब्ध सबै उपकरण परिचालन गरिरहेको जनाएको छ।

तीनवटा पानी-बम विष्फोटक हेलिकप्टर र फायर ट्रकहरूले लगभग २०० अग्निनियन्त्रक, वन रेन्जर्स, प्रहरी र सैनिकहरूले आगो निभाउन सहयोग गरिरहेका थिए।

बिएनपिबी विपद् विभागका अनुसार छ वटा प्रान्तमा आगो निभाउन ४८ हजारभन्दा बढी कर्मचारी तैनाथ गरिएको छ।

रक्षामन्त्री जामारी चानियागोले सोमबार इन्डोनेसियाले ४३ वटा हेलिकप्टर र १५ वटा फिक्स-विङ विमान क्लाउड सिडिङका लागि आवश्यक ठाउँमा तैनाथ गरेको बताउनुभयो।

यस प्रक्रियामा बादलको उपस्थिति अनिवार्य हुन्छ। विमानबाट सिल्भर आयोडाइड र नुनजस्ता सूक्ष्म कण बादलमा छर्किएर वर्षा गराउने प्रयास गरिन्छ।

इन्डोनेसियाले एल निनोको सबैभन्दा खराब प्रभावका लागि तयारी गरिरहेको बेला बीएमकेजीले जुलाईमा औसत हावाको तापक्रम २७ डिग्री सेल्सियस रहेको र यो औसत २६.२ डिग्री सेल्सियसभन्दा बढी रहेको बताएको छ। साथै यो सन् १९९१ पछि जुलाईमा भएको सबैभन्दा उच्च तापक्रम थियो।

एल निनो प्राकृतिक रूपमा हुने जलवायु घटना हो। यसले हावा, हावाको चाप र वर्षाको ढाँचामा विश्वव्यापी परिवर्तन ल्याउँछ। भारत र दक्षिणपूर्व एसियामा यसले सामान्यतया सुक्खा अवस्थाहरू निम्त्याउँछ।

## अमेरिकी विदेश मन्त्रालयद्वारा एक लाख ७५ हजारभन्दा बढी भिसा रद्द

एएफपी। अमेरिकी विदेश मन्त्रालयले आप्रवासन नियन्त्रणलाई कडा पार्ने प्रशासनको व्यापक अभियान अनुरूप राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएदेखि विदेशी नागरिकहरूका लागि जारी गरिएका एक लाख ७५ हजारभन्दा बढी भिसा रद्द गरेको जनाएको छ।

विज्ञप्ति जारी गर्दै मन्त्रालयले अमेरिकी भिसा सर्तहरू उल्लङ्घन गर्ने, अपराध गर्ने, अमेरिकी नागरिकहरू विरुद्ध हिंसाको आह्वान गर्ने, अमेरिकीहरूलाई धोका दिने, आप्रवासन प्रणालीको दुरुपयोग गर्ने वा राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न गर्ने विदेशी नागरिकहरूलाई लक्षित गरी भिसा रद्द गरेको बताएको छ।

# एनसेलको शेयर खरिद–बिक्री छानबिन प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णय

काठमाण्डु । सरकारले एनसेल आजियाटाको शेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णय गरेको छ । पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित समितिले तयार पारेको उक्त प्रतिवेदन सार्वजनिक गर्दै त्यसमा उल्लिखित सुझाव कार्यान्वयन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको हो। सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले मङ्गलबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने निर्णय भएको जानकारी दिनुभएको हो ।

समितिको प्रतिवेदनअनुसार एनसेल आजियाटा साविकको स्पाइस सेल प्रालिका रूपमा विसं २०५८ मा स्थापना भएदेखि हालसम्म १४ पटक शेयर तथा स्वामित्व खरिद-बिक्री भएको छ । तीमध्ये अधिकांश कारोबार नेपालबाहिर अफसोर संरचनामार्फत भएको र त्यससँग सम्बन्धित सम्पूर्ण अभिलेख तथा विवरण नेपालका सम्बन्धित आधिकारिक निकायमा पेश भएको नदेखिएको समितिको निष्कर्ष छ। कतिपय नेपाली शेयरधनीको कारोबारको भुक्तानीसमेत नेपालको बैंकिङ प्रणालीमार्फत नभई विदेशमा भएको देखिएको प्रतिवेदनमा उल्लेख छ।

यस क्रममा एनसेलको विदेशी र स्वदेशी लगानीको अनुपात पटक-पटक परिवर्तन भएको समितिले जनाएको छ। हाल कम्पनीमा करिब ८० प्रतिशत विदेशी र २० प्रतिशत स्वदेशी लगानी रहेको उल्लेख गर्दै २०७७ साउन १९ गते कम्पनीका थप सात कर्मचारीलाई ११ कित्ता शेयर बिक्री गरी कम्पनीलाई पब्लिक लिमिटेडमा परिणत गरिएको प्रक्रिया पनि स्वाभाविक नदेखिएको समितिको ठहर छ।

समितिको विवरणअनुसार एनसेलले नेपालमा व्यवसाय सुरु गरेदेखि प्रविधिसहित कुल रु आठ करोड विदेशी र रु दुई करोड स्वदेशी लगानी गरेको उल्लेख छ। सो अवधिमा कम्पनीले रु एक खर्ब १३ अर्ब ५८ करोड नाफा कमाएको तथा रु ९३ अर्ब ५० करोड लाभांश घोषणा गरेको प्रतिवेदनमा उल्लेख छ।

घोषित लाभांशमध्ये रु ६६ अर्ब ९५ करोडभन्दा बढी लाभांश तथा थप रु दुई अर्बभन्दा बढी रकम अन्य शीर्षकमा विदेश लगिएको समितिको निष्कर्ष छ। स्वदेशी शेयरधनीले भने लाभांशबापत रु १९ अर्ब २५ करोड प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ । एनसेलले तत्कालिन समयसम्म एक करोड ३० लाखभन्दा बढी सिमकार्ड वितरण गरी मोबाइल सेवा सञ्चालन गरिरहेको र कर तथा गैरकर राजस्वबापत नेपाल सरकारलाई करिब रु तीन खर्ब दुई अर्ब बुझाएको प्रतिवेदनमा उल्लेख छ । कम्पनीको सञ्चालन नाफा अन्य मुलुकका दूरसञ्चार सेवा प्रदायकको तुलनामा उच्च रहेको पनि समितिको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले एनसेलको मुख्य कम्पनी आजियाटाले नेपालमा अन्य मुलुकको तुलनामा आकर्षक मुनाफा आर्जन गरिरहेको निष्कर्ष निकालेको थियो । नेपालबाहेक इन्डोनेसिया, बङ्गलादेश र श्रीलङ्कालगायत देशमा आजियाटाले सञ्चालन गरेका दूरसञ्चार व्यवसायको तुलनामा नेपालमा करपछिको मुनाफा प्रतिशतसमेत बढी रहेको समितिको विश्लेषण छ । त्यसैले आजियाटाले १ डिसेम्बर २०२३ मा नेपालमा व्यावसायिक वातावरण अनुकूल नभएको भन्दै जारी गरेको विज्ञप्तिको दाबी तथ्यमा आधारित नरहेको समितिको निष्कर्ष छ।

आजियाटा ग्रुप बर्हाड मलेसिया र स्पेक्ट्रलाइट यूकेबीच १ डिसेम्बर २०२३ मा भएको एनसेलको शेयर खरिद-बिक्री सम्झौता प्रचलित नेपाली कानूनअनुसार शेयर कारोबार गर्नुपूर्व लिनुपर्ने पूर्वस्वीकृति नलिई गरिएको समितिको प्रतिवेदनको निष्कर्ष छ।

सम्झौतामा प्रारम्भिक प्रतिफल पाँच करोड अमेरिकी डलर अर्थात् करिब रु छ अर्ब रहेको र त्यसको पहिलो किस्ता ५० लाख अमेरिकी डलर तथा बाँकी चार करोड ५० लाख अमेरिकी डलर चार वर्षभित्र तिर्ने व्यवस्था रहेको उल्लेख छ । त्यसबाहेक 'डिफर्ड कन्सिडरेसन'अन्तर्गत २०२३ को लाभांशको ८० प्रतिशत, २०२४ र २०२५ को लाभांशको ४० प्रतिशत, २०२६ र २०२७ को ३० प्रतिशत तथा २०२८ र २०२९ को २० प्रतिशत बराबरको रकमसमेत भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको समितिले जनाएको छ । अन्य सम्भावित दायित्वसमेत खरिदकर्ताले व्यहोर्नुपर्ने शर्त रहेकाले कारोबारको वास्तविक मूल्य यकिन गर्न कठिन रहेको प्रतिवेदनमा उल्लेख छ।

समितिको प्रतिवेदनमा शेयर खरिद-बिक्री सम्झौता समान व्यवसायिक व्यवहारको सिद्धान्तमा आधारित नभएको उल्लेख छ। त्यस्तै, सम्झौतामा विक्रेता पक्ष हावी भएको र खरिदकर्ता पक्षमाथि स्वाभाविकभन्दा बढी शर्त राखिएको समितिको विश्लेषण छ।



शेयर बिक्रीपछि पनि विक्रेताले वर्षौंसम्म लाभांश लैजान पाउने, मुद्दा गर्न पाउने तथा कम्पनीको ऋण र दायित्वबाट विक्रेता अलग रहनेजस्ता प्रावधान राखिएकाले यसलाई स्वतन्त्र र स्वाभाविक व्यावसायिक सम्झौता मान्न नसकिने समितिको निष्कर्ष छ।

त्यस्तै, आयकर ऐन, २०५८ को दफा ५७ लगायत विषयमा नेपाल-यूके द्विपक्षीय लगानी सम्झौताअन्तर्गत मध्यस्थतासम्बन्धी व्यवस्था राखिएको र खरिदकर्ताले नेपाली करसम्बन्धी विवादमा मुद्दा दायर गरे विक्रेता पनि सहदावीकर्ताका रूपमा सहभागी हुन सक्ने प्रावधान देखिएको समितिको प्रतिवेदनमा उल्लेख छ । यसबाट शेयर बिक्रीपछि पनि विक्रेताले एनसेलमाथि अप्रत्यक्ष नियन्त्रण कायम राख्न खोजेको देखिने समितिको निष्कर्ष छ।

समितिले एनसेल र स्मार्ट टेलिकमबीच सम्भावित आर्थिक हित तथा क्रसहोल्डिङको विषयसमेत उठाएको छ । शेयर खरिद-बिक्री सम्झौताको एक अनुसूचीमा स्मार्ट टेलिकमको अनुमतिपत्र नवीकरण भई एनसेलले स्मार्ट टेलिकम प्राप्त गरेमा खरिदकर्ता कम्पनीले विक्रेतालाई थप एक करोड अमेरिकी डलर बुझाउनुपर्ने शर्त रहेको प्रतिवेदनमा उल्लेख छ। यसका आधारमा एनसेल र स्मार्ट टेलिकमका शेयरधनीबीच आर्थिक हितको सम्बन्ध रहेको हुनसक्ने समितिको निष्कर्ष छ । विगतमा दुवै कम्पनी तथा तिनका लगानीकर्ताबीच पारिवारिक सम्बन्धसमेत रहेको देखिएको भन्दै समितिले क्रसहोल्डिङको अवस्था हुनसक्ने सम्भावना औंल्याएको छ।

एनसेलले नेपाल सरकारलाई तिर्नुपर्ने कर तथा गैरकर गरी रु ८५ अर्बभन्दा बढी रकमका सम्बन्धमा विभिन्न तहका अदालत तथा निकायमा मुद्दा विचाराधीन रहेको प्रतिवेदनमा उल्लेख छ। कम्पनीले करलगायत दायित्वका विषयमा विभिन्न न्यायिक निकाय र अन्तर्राष्ट्रिय तहमा समेत पटक-पटक मुद्दा मामिला गरिरहेको समितिले जनाएको छ।

त्यस्तै, टेलिया सोनेरा स्वीडेनबाट आजियाटा मलेसियाले एनसेलको ८० प्रतिशत शेयर खरिद गर्दा भएको सम्झौता नेपाल सरकारका नियामक निकाय वा न्याय निरूपणका क्रममा सर्वोच्च अदालतसमक्ष पेश नभएको समितिको प्रतिवेदनमा उल्लेख गरेको छ । यसले कम्पनीको कारोबार पारदर्शितामाथि प्रश्न उठाएको र कम्पनीमाथि पटक-पटक नियामकीय कारबाहीसमेत भएको भन्दै प्रतिवेदनले एनसेलले नियामकीय निर्देशन, पारदर्शिता तथा व्यावसायिक नैतिकताको अपेक्षित स्तर कायम नगरेको निष्कर्ष निकालेको छ।

आजियाटाले इन्टरनेसनल सेन्टर फर सेटलमेन्ट अफ इन्भेष्टमेन्ट डिस्प्युट (आईसीएसआईडी) मा नेपालले स्वच्छ तथा समान व्यवहार नगरेको, लगानीकर्ताको वैधानिक अपेक्षा उल्लङ्घन गरेको, न्याय दिन अस्वीकार गरेको तथा नियमनकारी दुर्व्यवहार गरेको लगायतका आरोपसहित दाबी पेश गरेको विषयलाई पनि समितिले अध्ययन गरेको प्रतिवेदनमा उल्लेख छ।

समितिका अनुसार आईसीएसआईडी ट्रिबुनलले सर्वोच्च अदालतसहित नेपालका न्यायिक निकायमा दावीकर्तालाई स्वच्छ सुनुवाइको अवसर दिइएको भन्दै उक्त दाबी स्थापित नहुने ठहर गरेको थियो । नेपाल सरकारबाट वैधानिक अपेक्षा सिर्जना हुनेगरी कुनै कार्य भएको प्रमाण पनि कम्पनीले पेश गर्न नसकेको तथा स्वच्छ र समन्यायिक व्यवहार नभएको दाबीसमेत स्थापित नभएको प्रतिवेदनमा उल्लेख छ।

एनसेल आजियाटाले सार्वजनिक विज्ञप्तिमार्फत शेयर कारोबारको व्यावसायिक मूल्य करिब ४० करोड अमेरिकी डलर रहेको उल्लेख गरेको भए पनि समितिसँगको छलफलमा ८० प्रतिशत शेयरका खरिदकर्ता भनिएका सतिसलाल आचार्यले कम्पनीको व्यावसायिक मूल्य ४० देखि ४५ करोड अमेरिकी डलर रहेको दाबी गरेको प्रतिवेदनमा उल्लेख छ।

तर कम्पनीको शेयर खरिद-बिक्री सम्झौता र पछिल्लो वित्तीय विवरणसँग यी तथ्याङ्क मेल नखाएको समितिको ठहर छ । दूरसञ्चार सेवा सञ्चालनसँग सम्बन्धित ठूलो भौतिक सम्पत्ति, अनुमतिपत्रको बाँकी अवधि तथा कर-राजस्व बुझाएपछि पनि वार्षिक अर्बौं रुपैयाँ मुनाफा आर्जन गर्ने कम्पनीको कारोबार मूल्य सार्वजनिक विवरणसँग मेल नखाएकाले कारोबार मूल्यको विश्वसनीयतामाथि प्रश्न उठेको प्रतिवेदनमा उल्लेख छ। समितिले आजियाटा र स्पेक्ट्रलाइटबीच भएको शेयर खरिद-बिक्री सम्झौता नै वास्तविक र यथार्थपरक नदेखिएको पनि प्रतिवेदनको निष्कर्ष छ।

समितिले एनसेलको पछिल्लो शेयर खरिद-बिक्री सम्झौतालाई यथास्थितिमा स्वीकार नगर्न सरकारलाई सुझाव दिएको देखिन्छ । कानूनअनुसार दुवै पक्षले सम्बन्धित निकायमा निवेदन दिनुपर्ने भए पनि त्यस्तो निवेदन नदिएको, शेयर खरिद-बिक्रीअघि लिनुपर्ने स्वीकृति नलिएको तथा सम्झौताका शर्तहरू अनुसार नभएको समितिको निष्कर्ष छ।

त्यस्तै, खरिदकर्ता कम्पनीको प्राविधिक, वित्तीय र व्यवस्थापकीय क्षमता पुष्टि हुने पर्याप्त प्रमाण तथा कागजात पेश नभएको भन्दै सम्झौता स्वीकार गर्न उपयुक्त नहुने समितिको सुझाव छ। सरकारले एनसेलको शेयर खरिद-बिक्रीबारे निर्णय गर्दा खरिदकर्ता कम्पनीको प्राविधिक क्षमता, लगानीको स्रोत, सञ्चालकको व्यावसायिक पृष्ठभूमि तथा दूरसञ्चार कम्पनी र तिनका सञ्चालकबीच हुनसक्ने क्रसहोल्डिङको अवस्थालाई अध्ययन गर्नुपर्ने प्रतिवेदनले सुझाएको छ।

त्यसैगरी, नेपालको दूरसञ्चार क्षेत्रमा विदेशी लगानीको नियमन, दूरसञ्चार सेवाको संवेदनशीलता, सेवा सञ्चालनको सुनिश्चितता, भविष्यको व्यावसायिक योजना, विदेशी लगानीको वातावरणमा पर्ने प्रभाव, पक्षहरूले हालसम्म गरेको कानूनी पालना, सम्झौताका शर्तहरूको यथार्थता, कारोबारको पारदर्शिता र मूल्यको विश्वसनीयता तथा अदालतका आदेशसमेत अध्ययन गरेर आवश्यक निर्णय लिनुपर्ने समितिको सुझाव छ।

प्रतिवेदनले दूरसञ्चार ऐन, २०५३ को दफा ३३ को व्यवस्थालाई आधार बनाउँदै अनुमतिपत्रको २५ वर्षे अवधि समाप्त भएपछि विदेशी लगानीको अवस्थाअनुसार दूरसञ्चार सेवासँग सम्बन्धित सम्पत्ति, भवन, यन्त्र-उपकरण तथा संरचनामा नेपाल सरकारको स्वामित्व सुनिश्चित हुने व्यवस्था कार्यान्वयन गर्न सुझाव दिएको छ । आगामी अनुमतिपत्र नवीकरणमा आवश्यक शर्त राखेर यस्तो स्वामित्व सुनिश्चित गर्न समितिले सरकारलाई सुझाव दिएको हो।

प्रतिवेदनले दूरसञ्चार ऐन, २०५३ लागू भएपछि नेपालको दूरसञ्चार तथा सूचना प्रविधि क्षेत्रमा ठूलो परिवर्तन आएको भन्दै सम्बद्ध सरकारी तथा नियामक निकायको पुनर्संरचना आवश्यक रहेको औंल्याएको छ।

साबिकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरणलगायत निकायको पुनर्संरचना गरी नियामकीय क्षमता अभिवृद्धि गर्नुपर्ने र दूरसञ्चार क्षेत्रमा नयाँ तथा नवीनतम विदेशी प्रविधि आत्मसात् गर्नसक्ने गरी कानूनी सुधार गर्नुपर्ने समितिको सुझाव छ। समितिले एनसेलको विगतका शेयर तथा स्वामित्व कारोबारमा नेपाल र विदेशमा अपारदर्शी कारोबार भएको हुनसक्ने भन्दै राजस्व चुहावट, विदेशी मुद्रा अपचलन तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी सम्भावित विषयमा सम्बन्धित निकायबाट अनुसन्धान गर्नुपर्ने सुझावसमेत दिएको छ।

प्रतिवेदनले एनसेलको पछिल्लो शेयर खरिद-बिक्रीलाई मात्र केन्द्रमा नराखी कम्पनीको स्थापनादेखिको स्वामित्व परिवर्तन, अफसोर कारोबार, लाभांश प्रवाह, कर तथा गैरकर दायित्व, विदेशी लगानी, नियामकीय अनुपालन, सम्भावित क्रसहोल्डिङ, कारोबार मूल्य र अन्तर्राष्ट्रिय विवादसम्मका विषयलाई समेटेको देखिन्छ । सरकारले प्रतिवेदन सार्वजनिक गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरेसँगै अब एनसेलको शेयर कारोबारबारे नियामकीय स्वीकृति, सम्भावित अनुसन्धान र कानूनी प्रक्रियाले थप गति लिने देखिएको छ। रासस

## डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै



काठमाण्डु । डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै गएको छ।

वित्तीय प्रविधि (फिनटेक) र डिजिटल भुक्तानीमा मात्र सीमित नरही कन्टेन्ट क्रिएसन, गिग इकोनोमी, एल्गोरिदमलगायत क्षेत्रमा विस्तारभइ फराकिलो हुँदै गएको विज्ञहरूले बताएका छन्।

राष्ट्रिय सभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित 'डिजिटल अर्थतन्त्र' सम्बन्धी छलफलमा विज्ञ रमाकान्त पाण्डेले डिजिटल अर्थतन्त्रको प्रभाव नेपाली बजारमा प्रभावकारी देखिएको बताउनुभयो।

उहाँले कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरको गतिविधिले अर्थतन्त्रमा प्रभाव पार्न थालेको उल्लेख गर्दै डिजिटल प्रविधिको विकाससँगै नयाँ प्रकारका व्यवसाय र रोजगारीका क्षेत्र सिर्जना भइरहेको बताउनुभयो।

"हिजो हामीले फिनटेक र डिजिटल मनीलाई मात्रै डिजिटल अर्थतन्त्रको रूपमा हेरिरहेका थियौँ, अहिले त्यो संरचनाबाट बाहिर आएका छौँ," उहाँले भन्नुभयो।

विज्ञ दिनेश विष्टले डिजिटल अर्थतन्त्रमा नेपालको भविष्य राम्रो भए पनि डिजिटल पूर्वाधार, फाइभजी नेटवर्क तथा कानुनी संरचनामा सुधार आएको बताउनुभयो।

उहाँले डिजिटल सार्वजनिक पूर्वाधार (डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर) निर्माणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

"एउटा विद्यालय वा अस्पतालमा भएको डेटा अर्को निकायले लिन पाउने अधिकार छ कि छैन भन्ने विषयमै स्पष्ट कानुनी व्यवस्था आवश्यक छ," विष्टले भन्नुभयो।

"बैंकले ऋण दिन लालपुर्जा माग्छ। लालपुर्जा भूमि सुधारसम्बन्धी निकायसँग छ भने नागरिकसँग माग्नुको सट्टा सम्बन्धित निकायबाटै विवरण प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ," उहाँले भन्नुभयो।

उहाँले कम्पनी दर्ताको उदाहरण दिँदै प्रत्येक वर्ष हजारौँ कम्पनी दर्ता हुने र त्यस क्रममा विभिन्न निकायबीच धेरै चरणमा विवरण प्रमाणीकरण तथा आदानप्रदान गर्नुपर्ने अवस्था रहेको बताउनुभयो। डेटा एक्सचेन्ज प्लेटफर्म निर्माण गर्न सके कम्पनी दर्तालगायत सेवामा लाग्ने समय उल्लेख्य रूपमा घटाउन सकिने उहाँको भनाइ थियो।

"डेटा एक्सचेन्ज प्लेटफर्म ल्याउन सक्यौँ भने कम्पनी दर्तामा लाग्ने समय बचत गर्न सकिन्छ," उहाँले भन्नुभयो।

उहाँले व्यक्तिगत डेटा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको उदाहरण दिँदै नागरिकको व्यक्तिगत विवरण अनधिकृत रूपमा प्रयोग वा चुहावट भएमा सम्बन्धित निकाय जवाफदेही हुने व्यवस्था आवश्यक रहेको बताउनुभयो।

डिजिटल अर्थतन्त्रको विकासका लागि प्रविधि र पूर्वाधारसँगै डेटा सुरक्षा, अन्तरसरकारी निकायबीच डेटा आदानप्रदान, डिजिटल सुशासन तथा आवश्यक कानुनी संरचनालाई प्राथमिकतामा राख्नुपर्नेमा छलफलका सहभागीले जोड दिएका थिए। रासस


मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रार कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

घर भाडामा लिने सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मितिः २०८३/०४/२७

यस कार्यालयका लागि जनकपुर उपमहानगरपालिकाको मूख्य सहरी क्षेत्रमा घरभाडामा लिनुपर्ने भएकोले देहायका सर्तहरु पुगेका इच्छुक घरधनीले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नागरिकताको प्रमाण पत्र, जग्गा धनी दर्ता प्रमाण पत्र, स्वीकृत नक्सा र आ.व. २०८२/०८३ को कर तिरेको रसिदको प्रतिलिपि, फर्म वा कम्पनी भए दर्ता नवीकरणको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र स्थाइ लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि समेत संलग्न राखी आफुले लिन चाहेको मासिक घरभाडा रकम उल्लेख गरी सिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरूः**

१) घरसम्म पुग्ने मोटर बाटो भएको, कम्तिमा १० देखी १२ वटा कोठा तथा १५ देखि २० जनाका लागि १ (एक) सभाहल भएको, चारैतिर कम्पाउन्ड वाल तथा शौचालय, खानेपानी तथा विद्युत आपूर्तिको राम्रो व्यवस्था भएको सुबिधा सम्पन्न घर हुनुपर्नेछ।
२) भाडामा लिइने घरमा कम्तीमा ३(तिन) वटा चारपाङ्गे हलुका सवारीसाधन र १० (दस) बटा दुई पाङ्गे सवारी साधन पार्किङ गर्न मिल्ने पार्किङ स्थल भएको हुनुपर्नेछ।
३) घरधनीले घरभाडा प्रस्तावमा नियमानुसार घरबहाल कर समेतको एकमुष्ट भाडा रकम अङ्क र अक्षर दुबै उल्लेख गरेको हुनुपर्नेछ।
४) घरभाडामा नियमानुसार लाग्ने कर रकम कट्टी गरी बाँकी रकम बैंक खातामा भुक्तानी गरिनेछ।
५) घरभाडा निर्धारणको अन्तिम निर्णय प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८० को दफा २३ को उपदफा ४ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।
६) घरभाडामा दिने प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७) प्रस्ताव दाखिला गर्ने स्थानः प्रदेश सहकारी रजिष्ट्रार कार्यालय, जनकपुरधाम, धनुषा
८) प्रस्ताव पेस गर्ने अन्तिम मितिः २०८३/०५/११ गते सम्म कार्यालय समय भित्र

नि. रजिष्ट्रार



भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. औरही वडा नं. ३ हाल परिवर्तित औरही गा.पा. वडा नं. ४ मा बस्ने गुदर साहको नाती झपसी साह व्याहुत सुडीको छोरा रामचन्द्र व्याहुत सुडीको नाउँमा लगत कायम रहेको जग्गा सर्वे नापी भई नापनक्सा भएको जिल्ला धनुषा गा.वि.स. गिद्धा वडा नं. ७ख कि.नं. ५३ क्षे.फ. ०-३-१० जग्गा निज नापीको बखत अनुपस्थित भएको कारण फिल्डबुकमा नाम उल्लेख हुन नसकेकोमा निजको मिति २०७९/१२/२९ गतेमा आफ्नै कालगतिले मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी मन्तोरिया देवीको मिति २०३३ साल भन्दा अगावै मृत्यु भई निजहरुको हकभोग खाने जेठा छोरा दिलिप कुमार साह १. माईलो छोरा सुरेश कुमार साह -१ र कान्छो छोरा अरुण कुमार साह-१ रहेकोमा अरुण कुमार साहको मंजुरीले उक्त जग्गा हामी निवेदकहरु सुरेश कुमार साह र दिलिप कुमार साहको संयुक्त नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. १२२७६ मिति २०६२/१०/०८ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०३/३१ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए' वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबूत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | गिद्धा | ७ख | ५३ | ०-३-१० | जग्गाधनी महल खाली, किसानको महल खाली र कैफियत महलमा यो जग्गा औरही बस्ने रामचन्द्र साह व्याहुत सुडीको नम्बरी हो। |



भूमि प्रशासन कार्यालय सिम्रौनगढ बारा

हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री उप्रान्त पूर्ण मुखियाको छोरा/नाती वृषा मुखिया र दशइ मुखिया छोरा पूर्वी चम्पारण जिल्ला साविक गा.वि.स./पंचायत राजविजवनी वडा नं २ हाल .................. म.न.पा./उ.म.न.पा./ न.पा/गा.पा. ............. बस्ने श्री देवनन मुखिया तपसिल बमोजिमको किता जग्गा नामसारी, दाखिल खारेज, श्रेस्ता अध्यावधिक ................ संसोधन गरी पाउँ भनि माग गर्नु भएको हुदा उल्लेखित जग्गा निज निवेदकको हो/होइन को कसको हक भोगचलन भित्र हो सो जग्गामा को कसको अधिकार छ ? हकदारहरु के कति छन ? माग निवेदकको जग्गा सरकारी सार्वजनिक प्रकितको वा गुठी आदि पर्ने जग्गा हो/हैन? माँग निवेदक बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारेज संसोधन र श्रेस्ता अध्यावधिक गरी दिदा अन्य को कसैलाई कुनै व्यहोराबाट फरक पर्छ / पर्दैन ? सो जग्गामा अन्य कोही कसैले कुनै व्यहोराबाट यस अगाडी दर्ता सम्वन्धी निवेदन दिए/नदिएको के छ ? सो समेत एकिनका लागि हकदावी सम्वन्धी ३५ दिने सार्वजिनक सूचना प्रकाशित गरिएको छ। माग निवेदनको जग्गा दर्ता नामसारी दाखिल खारेज संसोधन र श्रेस्ता अध्यावधिक गर्न नमिल्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा उजुरवाजुर गर्न आउनु हुन जानकारी गराइन्छ।

तपसिल

| पचायत/गाविस | वडा नं | किता नं | क्षेत्रफल | विरह | मोहीको नाम थर | जग्गाधनीको नाम थर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| अमृतगंज | १ | २१३ | ०-१०-१५ | | वृक्षा मुखिया बिन जि. चम्पारण | पूर्ण मुखिया | |

यसमा सि.न.पा. वडा नं. १ को च.न. १४३६ मिति २०८३।०३।०८ को किटानी सिफारिस ग्राम पं.राज विजवनी पूर्वीको पत्रांक ७५ दिनाक २०-७-२०२६ को किटानी सिफारिस सक्कल प्रमाण पूर्जा रसिद समेतको आधारमा निज जग्गाधनी पूर्ण मुखिया भन्ने पूर्णा मुखिया आफ्नो कालगतिबाट इ.स. १९६७ र निजका पत्नी धनमन्ती देवी इन.. १९६६ मा प्रलोक भएपछि निजको दाम्पत्य जिवनबाट जाय जन्यको २ वटा छोराहरु र निजका पत्नीहरु समेत प्रलोक भएपछि निज जग्गाधनी नाती नाता पर्ने कमिन्द्र मुखिया बिन समेत ५ जनाले हक कायम गर्नको लागि निवेदन दिएकोले यो जग्गा हक कायमे नहुने वा अन्य कुनै अंशीयार भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र चजुर बाजुर गर्नु होला अन्यथा कानून बमोजिम हुनेछ।

# सुनसरी र सिरहा घटनाका चारैजना शहीद घोषणा



**टुडे समाचारदाता**

जनकपुरधाम । सुनसरी र सिरहामा भएका घटनामा ज्यान गुमाएका चार जनालाई नेपाल सरकारले शहीद घोषणा गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले सुनसरी र सिरहाका घटनामा ज्यान गुमाएका चार जनालाई शहीद घोषणा गर्ने निर्णय गरेको हो।

सुनसरीमा ज्यान गुमाएका ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहता र सिरहामा ज्यान गुमाएका गणेश यादवलाई शहीद घोषणा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिएका छन्।

त्यसैगरी, स्वास्थ्य सेवालाई थप सुलभ बनाउन र वातावरणीय संरक्षणलाई बढवा दिन सरकारले ठूलो कर छुटको घोषणा गरेको उनले बताए।

प्रवक्ता पोखरेलका अनुसार नेपालभित्र पैठारी हुने वा स्वदेशमै उत्पादन हुने विद्युत् बाट सञ्चालित एम्बुलेन्स र शव वाहनमा लाग्ने पूर्वाधार लगानी शुल्क तथा मूल्य अभिवृद्धि कर (भ्याट) मा पूर्ण रूपमा छुट दिने निर्णय अर्थ मन्त्रालयको प्रस्तावमा स्वीकृत भएको छ।

# सुधार केन्द्र कि यातना गृह ?
# मधेसमा नशामुक्तिको नाममा बढ्दो जोखिम

सुधार केन्द्रमा हुने मृत्युका घटनाको वास्तविक संख्या कति हो भन्ने यकिन तथ्यांक सरकारी निकायसँग छैन । मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सुधार केन्द्रमा हुने मृत्युको छुट्टै अभिलेख प्रहरीसँग छैन ।

**टुडे समाचारदाता**

जनकपुरधाम । लागुऔषध तथा मदिराको लतबाट छुटकारा दिलाउने उद्देश्यले सञ्चालनमा रहेका सुधार केन्द्रहरू नै पछिल्लो समयका केही घटनाले यातनागृहको रुपमा परिणत हुँदै गएको देखिन्छ । नशामुक्तिका लागि परिवारले विश्वास गरेर पठाएका व्यक्तिको मृत्यु तथा कुटपिटका घटना सार्वजनिक हुन थालेपछि सुधार केन्द्रको व्यवस्थापन, अनुगमन र नियमनमाथि प्रश्न उठेको छ।




धनुषाको धारापानीस्थित शुभेच्छा फाउन्डेसन तथा सुधार केन्द्रमा हालै एक युवकको मृत्यु भएपछि यो विषय पुनः चर्चामा आएको हो । गणेशमान चारनाथ नगरपालिका-४ का ४० वर्षीय मोजिबुल राईनलाई परिवारले मदिराको लतबाट छुटकारा दिलाउने उद्देश्यले २० साउनमा उक्त केन्द्रमा भर्ना गरेका थिए। केन्द्रमा भर्ना भएको तीन दिनमै उनको मृत्यु भएको हो।

मृतकको शरीरका विभिन्न भागमा चोटपटक तथा नीलडाम देखिएको भन्दै परिवारले सुधार केन्द्रमै कुटपिट भएको आशंका गरेको छ। प्रहरीले समेत शवको शरीरमा चोटका संकेतहरू देखिएको जनाएको छ। यद्यपि, पोस्टमार्टम रिपोर्ट प्राप्त नभएसम्म मृत्युको यकिन कारण भन्न नसकिने प्रहरीको भनाइ छ।

मृतककी आमा बतुला खातुनले केही व्यक्तिले अस्पतालमा शव छाडेर गएको दृश्य सीसीटीभी फुटेजमा देखिएको दाबी गरेकी छन्। सुधार केन्द्रका सञ्चालकले छोराको मृत्युबारे परिवारलाई समयमै जानकारी नगराएको उनको आरोप छ। घटनाबारे अनुसन्धान गर्न प्रहरीले सुधार केन्द्रका सञ्चालकसहित केही व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ।

मधेसमा सुधार केन्द्रसँग जोडिएको मृत्युको यो पहिलो घटना भने होइन । ८ फागुन २०८१ मा जनकपुरधामस्थित एक सुधार केन्द्रमा धनुषाको गणेशमान चारनाथ नगरपालिका-१० डुमरियाका २० वर्षीय राजकुमार यादवको मृत्यु भएको थियो।

परिवारले उनलाई करिब दुई महिनाअघि जनकपुरधाम उपमहानगरपालिका-१९ बेंगाशिवपुरस्थित किशोर फाउन्डेसन सुधार केन्द्रमा भर्ना गरेका थिए। केन्द्रमा रहँदा श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल लगिएको र उपचारका क्रममा उनको मृत्यु भएको विवरण सार्वजनिक भएको थियो।

त्यसअघि २ फागुन २०८१ मा बाराको कलैया उपमहानगरपालिका-१ बैंक रोडस्थित नव जन्म सुधार केन्द्रमा कलैया-९ रामपुरका ३२ वर्षीय धीरेन्द्र महतोको मृत्यु भएको थियो । उनलाई कुटपिट गरिएको र त्यसैका कारण मृत्यु भएको आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरेको थियो।

तर, सुधार केन्द्रमा हुने मृत्युका घटनाको वास्तविक संख्या कति हो भन्ने यकिन तथ्यांक सरकारी निकायसँग छैन। मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सुधार केन्द्रमा हुने मृत्युको छुट्टै अभिलेख प्रहरीसँग छैन।

### मधेसमा ४० सुधार केन्द्र

गृह मन्त्रालयका अनुसार मधेस प्रदेशमा करिब ४० वटा सुधार केन्द्र दर्ता छन् । तीमध्ये सप्तरीको एउटा केन्द्र हाल सञ्चालनमा छैन । सञ्चालनमा रहेका ३९ वटा केन्द्रमा करिब ८८३ जना सेवाग्राही रहेको मन्त्रालयको तथ्यांक छ।

मन्त्रालयका अनुसार पर्सामा सबैभन्दा बढी नौ वटा सुधार केन्द्र दर्ता छन् । बारामा सात, धनुषामा छ, सिरहा र सर्लाहीमा पाँच-पाँच, महोत्तरीमा चार तथा रौतहटमा तीन वटा केन्द्र दर्ता छन्।

सञ्चालनमा रहेका केन्द्रमध्ये सिरहाका पाँच केन्द्रमा ११५, धनुषाका छ केन्द्रमा १५८, महोत्तरीका चार केन्द्रमा ६३, सर्लाहीका पाँच केन्द्रमा १९३, रौतहटका तीन केन्द्रमा २२, बाराका सात केन्द्रमा ९६ र पर्साका नौ केन्द्रमा २३६ जना सेवाग्राही रहेको मन्त्रालयको विवरणमा उल्लेख छ। सेवाग्राही भर्ना हुने र उपचारपछि केन्द्रबाट बाहिरिने क्रम निरन्तर चलिरहने भएकाले केन्द्रमा रहेका व्यक्तिको संख्या परिवर्तन भइरहने मन्त्रालयले जनाएको छ।

यसैबीच सुधार केन्द्रमा सेवाग्राहीमाथि कुटपिट तथा यातना हुने गुनासा पटक-पटक सार्वजनिक भए पनि सम्बन्धित निकायको अनुगमन प्रभावकारी हुन नसकेको मानवअधिकारकर्मीहरूको आरोप लगाएका छन्।

मानवअधिकार संस्था इन्सेकका मधेस प्रदेश संयोजक राजु पासमान सुधार केन्द्रमा यातना सम्बन्धी गुनासा निरन्तर बाहिर आइरहेकाले प्रभावकारी अनुगमन आवश्यक रहेको बताउँछन्। उनका अनुसार सुधार केन्द्रको उद्देश्य नशामुक्तिसँगै सेवाग्राहीको मानवअधिकार संरक्षण गर्नु पनि हुनुपर्नेमा त्यसतर्फ सम्बन्धित निकाय गम्भीर हुन आवश्यक छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल जिल्ला प्रशासन कार्यालयले समय-समयमा सुधार केन्द्रको अनुगमन गर्दै आएको बताउँछन् । उनका अनुसार अनुगमनका क्रममा सेवाग्राहीबाट यातना वा कुटपिटसम्बन्धी उजुरी नआएकाले सञ्चालकलाई कारबाही गर्ने अवस्था नदेखिएको हो।

तर, सुधार केन्द्रमै रहेका व्यक्तिको मृत्यु र कुटपिटका घटना सार्वजनिक भइरहेका बेला नियमित अनुगमन, उजुरी संयन्त्र र सेवाग्राहीको सुरक्षाको प्रभावकारितामाथि भने गम्भीर प्रश्न उठेको छ।

# जीप चालकलाई मरणासन्न हुने गरी कुटपिट, एक पक्राउ



**टुडे समाचारदाता**

रौतहट। रैतहटमा जिप चालकलाई बाटोमै रोकेर अपहरण शैलीमा घरमा लगेर मरणासन्न हुने गरी कुटपिट गरिएको घटना सार्वजनिक भएको छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ भने अर्का आरोपीको खोजी तीव्र बनाएको हो।

सोमबार राति करिब पौने ९ बजेको समयमा गौरबाट दुर्गा भगवती गाउँपालिका तर्फ जाँदै गरेको बीआर ०६ पीई २१२१ नम्बरको जिपलाई राजदेवी नगरपालिका-२ हजमिनिया गाउँमा जबर्जस्ती रोकेर जिप चालक कुटपिट गरेको हो।

प्राप्त जानकारी दुर्गा भगवती गाउँपालिका-३ का २५ वर्षीय अरविन्द पण्डित पाहुना लिएर गन्तव्यतर्फ जाँदै गर्दा गौर नगरपालिका-९ का साहेब सिंह भन्ने राजवंश सिंह र उनका छोरा आयुष सिंहले गाडी रोक्न दबाब दिएका थिए।

उनीहरुले गाडी नरोके पेट्रोल छर्केर आगो लगाइदिने धम्की दिएपछि पाहुना सवार चालक पण्डितले गाडी रोकेका थिए। त्यसपछि बाबुछोराले उनलाई जबर्जस्ती नियन्त्रणमा लिएर गौर नगरपालिका-९ सिर्सिया स्थित आफ्नै घरमा लगेको आरोप छ।

घरमा पुर्याएपछि चालक पण्डित बाँधेर अम्बाको लौरोले हरणासन्न हुनेगरी कुटपिट गरिएको र उनी गम्भीर अवस्थामा पुगेको पीडित पक्षले जनाए। कुटाईको अवस्था हेरेर स्थानीयवासीले प्रहरीलाई खबर गरेपछि प्रहरी टोली घटनास्थलमा पुगेको थियो।

प्रहरीले तत्कालै उद्धार गरेर पण्डितलाई उपचारका लागि प्रादेशिक अस्पताल गौरमा भर्ना गराएर ज्यान जोगाउन सफल भए। घटनामा संलग्न रहेको आरोपमा आज विहान प्रहरीले राजवंश सिंहलाई नियन्त्रणमा लिएको छ भने निजको आयुषको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहट स्रोतबाट बुझिएको छ।

प्रारम्भिक विवरणअनुसार गौर-गंगापिपरा सडकखण्ड अन्तर्गत सिर्सिया क्षेत्रमा सडकमा रहेको कुकुर जिपले किचेर मारेको विषयलाई लिएर चालकलाई निशाना बनाइएको आरोप छ। सोही विषयलाई लिएर अर्को पालिकामा पुगेर चालकलाई नियन्त्रणमा लिई कुटपिट गरिएको भन्दै पीडित पक्षले घटनामा संलग्न व्यक्तिमाथि कडा कानुनी कारबाही गर्न प्रहरी प्रशासनसँग माग गरेका छन्।

# चार बुँदे सहमतिपछि यादवले तोडे अनशन




**टुडे समाचारदाता**

जनकपुरधाम । करीब दुई सातादेखि आमरण अनसनमा बसेका राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादवले चार बुँदे सहमति पश्चात हाललाई आमरण अनशन स्थगित गरेका छन्।

सुनसरीको देवानगञ्ज घटनाका पीडितलाई न्याय तथा हिन्दु हितको संरक्षण लगायतका माग राख्दै आमरण अनशनमा बसेका अध्यक्ष विनय यादवले सरकारसँग चारबुँदे लिखित सहमति भएपछि यादवले अनशन स्थगित गरेका हुन्।

यादव गत साउन १४ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा आमरण अनशनमा बसेका थिए। सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा भएको घटनाका पीडितलाई न्याय, दीर्घकालीन नीतिगत स्पष्टता तथा सुरक्षा व्यवस्थालगायतका विषयमा उनले ६ बुँदे माग अघि सारेका थिए।

राष्ट्रिय एकता दलका केन्द्रीय सदस्य मानिष पुर्वेद्वारा जारी विज्ञप्तिमा सरकारले अध्यक्ष यादवले राखेका माग सम्बोधन गर्ने प्रतिबद्धतासहित चारबुँदे लिखित सहमति गरेकाले तत्कालका लागि आमरण अनशन स्थगित गरिएको उल्लेख छ।

दलले सुनसरी घटनाका पीडित तथा प्रभावित परिवारका पक्षमा सरकारले गरेको प्रतिबद्धताअनुसार यथाशीघ्र काम हुने विश्वास व्यक्त गरेको छ। साथै, हिन्दु धर्म, संस्कृति र पहिचानको संरक्षणका लागि आवश्यकता अनुसार आगामी दिनमा पनि आन्दोलन जारी राख्ने जनाएको छ। अध्यक्ष यादवले कुमारी कन्याको हातबाट जुस पिएर आमरण अनशन तोडेका हुन्।




# लागूऔषध कारोबारमा २४ पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । लागू औषध सेवन तथा ओसार पोसार आरोपमा धनुषा प्रहरीले दुई दर्जन व्यक्तिलाई पक्राउ गरेको छ। गत दुई महिनाको प्रहरीले सोमवारसम्म २४ जनालाई पक्राउ गरेको हो।

लागूऔषध सेवन तथा कारोबार गतिविधिमा संलग्न व्यक्तिमाथि कारबाही तीव्र बनाएको भन्दै मंगलवार जिल्ला प्रहरी कार्यालय धनुषाले मंगलवार एक पत्रकार सम्मेलन गर यस्तो तथ्यांक सार्वजनिक गरेको हो।

पत्रकार सम्मेलनमा जिप्रका धनुषाका प्रवक्ता डिआईजी मधुसुदन न्यौपानेले गत जेठ २३ गतेदेखि सोमवारसम्मको विवरण अनुसार गाँजा, खैरो हिरोइन, नाइट्राजेपाम, स्पासरेट, एन्टीकफ कोलविन लगायतका लागू औषधसम्बन्धी गतविधिमा संलग्न १९ वटा मुद्दा दर्ता भई २४ जना पक्राउ परेको जनाए।

उनका अनुसार पक्राउ परेकाहरूबाट ठूलो परिमाणमा लागूऔषध बरामद भएको छ । बरामद लागूऔषधमा गाँजा ३३४ किलो, खैरो हेरोइन १८५.८२ ग्राम, नाइट्राजेपाम २४३ ट्याब्लेट, स्पासरेस्ट ५ थान, एन्टीकफ ट्याब्लेट १४ थान र कोलिभेन ९ थान रहेको छ। बरामद लागूऔषधको विवरणले पछिल्लो समय विभिन्न प्रकारका लागूऔषधको कारोबार तथा ओसारपसार नियन्त्रणमा धनुषा प्रहरीले निगरानी बढाएको उनले बताए।

यस्तै, प्रहरीले अवैध हतियारसम्बन्धी एउटा मुद्दा दर्ता गरी ३ जना पुरुषलाई पक्राउ गरेको छ। उनीहरूको साथबाट झ्लेराप्टर लेखिएको पेस्तोल २ थान, पेस्तोलको म्यागजिन २ थान, ७.६५ केएफ लेखिएको गोली २ थान र ९ एमएम केएफ लेखिएको गोली राउण्ड २ थान बरामद गरिएको उनले जानकारी दिए।

यस अवधिमा प्रहरीले अदालतबाट भएका फैसला कार्यान्वयनतर्फ पनि उल्लेख्य काम गरेको जनाएको छ। जम्मा ४१० वटा फैसला कार्यान्वयन गरिएको छ भने फैसला कार्यान्वयनका क्रममा कुल १५८ वर्ष ८ महिना ७ दिन कैद सजाय र रु. ६३ लाख ७७ हजार २६९ जरिवाना असुलउपर भएको उनले जानकारी दिए।

त्यसैगरी, भन्सार चोरी पैठारीसम्बन्धी कारबाहीबाट समेत उल्लेख्य रकम बरामद तथा दाखिला भएको छ । प्रहरीका अनुसार चोरी पैठारीतर्फ रु. ८१ लाख ७ हजार ७८६ बराबरको रकम/सामानसम्बन्धी कारबाही भएको छ भने यस प्रकरणमा ५ जना पक्राउ परेका छन्।

लागूऔषध, अवैध हतियार, अदालतको फैसला कार्यान्वयन तथा चोरी पैठारीविरुद्धको कारबाहीलाई तीव्रता दिँदै प्रहरीले अपराध नियन्त्रण र कानुन कार्यान्वयनलाई प्राथमिकतामा राखेको डिएसपी न्योपानले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८